नरहरीनाथ गाउँपालिका, कालीकोट
Naraharinath Rural Municipality, Kalikot

# बाल बिवाह व्यापकता सर्वेक्षण प्रतिवेदन
# Child Marriage Prevalence Survey Survey Report

December 2023

प्लान इन्टरनेशनल नेपाल

समाजिक जागरण तथा विकास प्रतिष्ठान नेपाल (सादा नेपाल)

मानव अधिकार तथा वतावरण विकास केन्द्र, नेपाल (हुरेन्डेक, नेपाल)

Scanned with CamScanner

**विषयसूची (Contents)**

शब्दावली तथा परिभाषा ....................................1

कृतज्ञता....................................2

सारांश (Summary) ....................................3

एकाइ १ परिचय ....................................6

१.१ पृष्ठभूमि (Background) ....................................6

१.२ परियोजनाको परिचय ....................................7

१.३ सर्वेक्षणको उद्देश्य ....................................8

एकाइ २ सर्वेक्षण क्षेत्र र विधि....................................9

२.१ गाउँपालिकाको पृष्ठभुमि (Background of Rural Municipality)....................................9

२.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू ....................................9.

२.३ नमूना छनौट प्रक्रिया र नमूना....................................9

२.४ डाटा सङ्कलन विधि ....................................10

२.५ बाल संरक्षण, सहमति र गोपनीयता ....................................10

२.६ तथ्याङ्क गुणस्तर आश्वासन, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण ....................................11

२.७ अध्ययनको सीमितता ....................................11

एकाइ ३ तथ्यांक विश्लेषण र निष्कर्ष (Data Analysis and Findings)....................................12

३.१ उत्तरदाताहरूको सामान्य जानकारी....................................12

३.१.२ वडागतरुपमा उत्तरदाताहरुको उमेर समुहगत विवरणः ....................................13

३.१.३ विवाह गर्ने कानुनी उमेर बारे जानकारी....................................14

३.२ बालविवाह ....................................15

३.२.१ नरहरीनाथ गाउँपालिकामा बालविवाहको अवस्था....................................15

३.२.२ नरहरीनाथ गाउँपालिकाको वडागतरुपमा बालबिवाहको विवरण ....................................16

३.२.३ जातिगत तथा वडागत बाल विवाहको विवरण : ....................................16

३.२.४ जम्मा भएको विवाहका प्रकार तथा वडागत विवरण ....................................18

Scanned with CamScanner

३.२.५ बाल विवाहको प्रकार, लैङ्गिक तथा वडागत विवरण ....................................18
३.२.६ बिवाह दर्ताको चलन ....................................20
३.२.७ बिवाह अघि र बिवाह पछिको शैक्षिक अवस्था ....................................21
बिवाह हुँदाको शैक्षिक अवस्थाको विवरण ....................................22
३.२.८ बिवाह तथा गर्भावस्थाको विवरण....................................23
३.२.९ बाल बिवाहका कारणहरू ....................................24
३.२.१० बाल बिवाहको अन्त्य गर्न सम्भावित उपायहरु....................................25
३.२.११ बाल बिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी ....................................26
३.२.१२ बाल बिवाहको कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी ....................................27
३.२.१३ बाल बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान ....................................28
३.२.१४ बाल बिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ....................................29
एकाइ ४ निष्कर्ष र सुझाव (Conclusion and Recommednations)....................................32
४.१ मुख्य निष्कर्ष ....................................32
४.२ सुझावहरु ....................................35

Scanned with CamScanner

## शब्दावली तथा परिभाषा

**बाल बालिका :** संयुक्त राष्ट्रसघीय बालअधिकार सम्बन्धी महासन्धी १९८० को धारा १ मा राष्ट्रिय कानुनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बाल बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक केटाकेटीहरुलाई सम्झनु पर्दछ ।



Scanned with CamScanner

## कृतज्ञता

प्लान ईन्टरनेशनल नेपालले गर्ल्स गेट ईक्वल: बालबिवाह, छिटो हुने बिवाह र जबरजस्ती गरिने बिवाह रोकथाम परियोजना (Girls Get Equal: Preventing Child Early and Forced Marriage Project) अन्तर्गत बर्दिया, कालिकोट र जुम्ला जिल्लाका १० वटा पालिकाहरुमा बालबिवाह र छिटो हुने बिवाहको व्यापकता दर सर्वेक्षण सञ्चालन गर्ने प्रक्रियामा सहयोग गर्ने सबै सरोकारवालाहरुलाई अनुगमन, मूल्याङ्कन, अनुसन्धान तथा सिकाई ईकाईका तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौ । परियोजनाको कार्यान्वयन साझेदारहरू सामाजिक जागरण तथा विकास प्रतिष्ठान (सादा नेपाल) कालीकोट र मानव अधिकार तथा वातावरण विवकास केन्द्र (हुरेन्डेक) कालीकोट को सम्पुर्ण कर्मचारी तथा व्यवस्थापन टिमले परियोजना सम्बन्धी जानकारी प्रदान गर्न, स्थानीय सरकारहरूसँग समन्वय गर्न र सर्वेक्षण गर्न आवश्यक गणकहरूको छनोटमा उत्तरदायी र सहयोगी भुमिका खेल्नु भएकोले वहाँहरु प्रति आभार व्यक्त गर्दछौ । परियोजनाको प्रभावकारी कार्यान्वय संगै, परियोजनाको अनुगमन, आवश्यक समन्वय र साझेदारी मार्फत यस परियोजनाको उद्देश्य अनुरुप यस नरहरीनाथ गाउँपालिका मा बालविवाहको दरलाई शुन्य बनाउने लक्ष्यमा सल्लाह र सहयोग प्रदान गर्नुहुने स्थानीय सरकारका प्रमूख, उप-प्रमूख, अध्यक्ष, उपाध्यक्ष, कार्यकारी अधिकृत, सम्बन्धीत शाखा प्रमूखहरु, वडा अध्यक्ष ज्यू हरु र संयन्त्रहरु प्रती हामी आभार प्रकट गर्दछौं । प्लान ईन्टरनेशनल नेपालको पश्चिम क्षेत्रीय कार्यालय (Regional Office West-Surkhet) का अम्बिका तिमिल्सिना (परियोजना प्रबन्धक), झलक विश्वकर्मा (परियोजना संयोजक), हसरत अली कसगर (अनुगमन, मूल्याङ्कन, अनुसन्धात्त तथा सिकाई संयोजक) लगायत दल सिंग कुमाल र नमराज योगी (सादा नेपाल कालीकोट) शिवशंकर उपाध्याय र कटक बम (हुरेन्डेक कालीकोट) जसले यो सर्बेक्षणमा महत्त्वपूर्ण सहयोग गर्नु भएको छ वहाँहरुलाई कृतज्ञता व्यक्त गर्दछौ । सर्वेक्षण प्रक्रियाको वा अन्तरवार्ताको क्रममा आफ्नो अमूल्य समय सहित जानकारी तथा सूचना प्रदान गरिदिनु हुने यस गाउँपालिकाका सम्पूर्ण सहभागिहरु तथा दाजु-भाई दिदी-बहिनी बा- आमा, समुदायका अगुवाहरू सबैप्रति हामी आभारी छौं । यो सर्वेक्षण गर्न प्रश्नावलीहरुमा विचार प्रदान गर्नु हुने तथा सर्वेक्षण गर्नको लागि अनुमति दिने यस पालिका लगायत यस पालिकाका सबै प्रतिनिधीज्यूहरुलाई धन्यवाद । धेरै व्यक्तिहरु र सरोकारवालाहरुको सहयोगले यो अन्तिम प्रतिवेदन तयार गर्न सम्भव भएको छ तसर्थ म यस प्रक्रियामा सहभागि सबै व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छौं।

कृष्णा श्रेष्ठ
प्लान ईन्टरनेशनल नेपाल
अनुगमन  मूल्याङ्कन अनुसन्धान तथा सिकाई ईकाई



Scanned with CamScanner

कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

# सारांश (Summary)


कर्णाली प्रदेश अन्तर्गत कालीकोटको नरहरीनाथ गाउँपालिकामा बाल विवाह व्यापकता सम्बन्धी एक सर्वेक्षण गरिएको थियो । सर्वेक्षणले मात्रात्मक दृष्टिकोण अनुसार क्रस-सेक्शनल अनुसन्धान डिजाइनमा कार्य गरिएको थियो । सर्वेक्षणको लागि डाटा/सूचना प्राथमिक सङ्कलन गर्न यस नरहरीनाथ गाउँपालिकामा घरपरिवार सर्वेक्षण जनगणनाको रूपमा २०७९ मंसिर २७ गते देखि २०८० मंसिर २६ गते सम्मको एक वर्ष भित्र विवाह भएका घरधुरीहरुमा गरिएको थियो । सर्वेक्षणमा १८० (महिला ९३ र पुरुष ८७) जना उत्तरदाताहरुको अन्तर्वार्ता लिएको थियो । ती घरपरिवारका संख्याहरु मध्ये ३३३ जनाको विगत एक वर्ष भित्रमा विवाह भएको देखिन्छ ।

जम्मा १८० उत्तरदाताहरुमध्ये लैंगिकरुपमा महिला ९३ जना (५२%), पुरुष ८७ जना (४८%), को सहभागीता रहेको थियो । जातिगत हिसाबले हेर्ने हो भने उत्तरदाताहरुमध्ये १२२ जना (६८%) ब्राम्हण क्षत्री र ५८ जना (३२%) दलित रहेका छन् साथै अपाङ्गता भएका ८ जना (४%) को सहभागीता रहेको थियो । उमेरसमुह अनुसार हेर्दा २० बर्ष मुनीको १९ जना (११%), २० देखि ४० बर्षको ७९ जना (४४%), ४१ देखि ६० बर्षको ७१ जना (३९%) र ६० बर्ष भन्दा माथीको ११ जना (६%) ले सहभागीता जनाएका थिए ।

**सर्भेक्षणको सार निम्नअनसार छन् ।**

- नरहरीनाथ गाउँपालिकामा घरपरिवार सर्वेक्षण जनगणनाको रूपमा २०७९ मंसिर २७ गते देखि २०८० मंसिर २६ गते सम्मको एक वर्ष भित्र विवाह भएका घरपरिवारका १८० उत्तरदाताहरु संग अन्तर्वार्ता लिएको थियो ।
- १८० उत्तरदाताहरुमध्ये महिला ९३ जना (५२%) र पुरुष ८७ जना (४८%) ले सर्वेक्षणमा भाग लिनु भएको थियो ।
- जातिगत हिसाबले हेर्ने हो भने सहभागी मध्ये १२२ जना ६८ प्रतिशत ब्रहमण क्षेत्री र ५८ जना वा ३२ प्रतिशत दलित रहेका छन ।
- उमेरसमुहको विवण हेर्दा ४३ प्रतिशत उत्तरदाताहरु २० देखि ४० वर्ष उमेर समुहको, ३९ प्रतिशत उत्तरदाताहरु ४१ देखि ६० वर्ष उमेर समुहको, १२ प्रतिशत उत्तरदाताहरु २० बर्ष मुनीका र ६ प्रतिशत ६१ वर्ष भन्दा माथिका उत्तरदाताहरु रहेको छ ।
- वडागत हिसाबले हेर्दा यो अध्ययनमा सहभागि भएका १८० घरपरिवार मध्ये वडानं. १ देखि ९ सम्म क्रमशः ८, ७, ६, १०, १०, १०, ७, १४ र २७ प्रतिशतले सहभागीता जनाएको थिए । यसरी हेर्दा सबै भन्दा बढी वडा नं. ९, ८, ४, ५ र ६ रहेको छ ।
- समग्रमा ७७ प्रतिशत सहभागिहरुलाई मात्र बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर २ मा १०० प्रतिशत उत्तरदाताहरु लाईनै थाहा भएको पाईयो ।
- यस गाउँपालिकाको १८० घरधुरीमा जम्मा विगत एक बर्षमा ३३३ वटा विवाह भएको देखिन्छ ।
- जातिगत रुपमा यस बर्ष भएको जम्मा विवाह ३३३ मध्ये २२७ ब्राहमण क्षेत्री मा र १०६ विवाह दलित समुदायमा भएको छ । यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने यस बर्ष भएका ३३३ वटा विवाहहरु मध्येको २६५ बालविवाह ब्राह्मण क्षत्री समुदायमा र १४५ दलित समुदायमा भएको पाईन्छ ।




नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष
०१/०५/२५

Scanned with CamScanner

- ३३३ वटा विवाहहरुमा १३४ जनाको विवाह बाल बिवाहमा पर्दछन् । जुन जम्मा बिवाहको ४० प्रतिशत हुन आउँछ भने सन् २०२२ मा यो ५२ प्रतिशत थियो ।
- वडागत रुपमा सबैभन्दा बढी बालविवाहको दर वडा नं. १, ५ र ७ लगाएत प्राय वडाहरुमा रहेको देखिन्छ । भने कम वडानं. ४ मा ६ प्रतिशत मात्रै देखिन्छ ।
- गतवर्षको तुलनामा वडानं. १, ६, ८ र ९ मा बालविवाह दर बढेको देखिन्छ भने बाँकी वडाहरुमा केही मात्रामा घटेको देखिन्छ ।
- अझैं त्यसमा पनि जातीगत भित्रको विवाहलाई विश्लेषण गर्नेहो भने ब्राहमण समुदायमा भएको जम्मा २२७ विवाहहरुमा ३८ प्रतिशत मात्रै बालविवाह छन् भने दलित समुदायमा भएको जम्मा १०६ वटा विवाह मध्ये ४५ प्रतिशत बालविवाह भएको देखिन्छ ।
- लैंगिकरुपमा जम्मा भएको १३४ वटा बालविवाह भएको छ र जसमध्ये ९४ जना ७० प्रतिशत बालिकाको र ४० जना ३० प्रतिशत बालकको बालविवाह भएको देखिन्छ ।
- भएका बाल बिवाहमा केटाकेटी १०० प्रतिशत आफैले पहल गरेर विवाह गरेको पाइयो । २० बर्ष माथिको विवाहको सन्दर्भमा पनि ९९ प्रतिशत विवाहहरु केटा केटी आफैले अगुवाई गरेर विवाह गरेको पाईएको छ ।
- २० वर्ष उमेर पछि बिवाह भएको जम्मा १९९ विवाहित मध्ये जम्मा ४४ जना वा २२ प्रतिशतले मात्रै विवाह दर्ता गराइएको पाइयो भने ७८ प्रतिशतले विवाह दर्ता नगराएको देखिन्छ ।
- साथै पढाइको सन्दर्भमा हेर्ने हो भने विवाह हुनु भन्दा पहिले ३३१ जनाले कुनै न कुनै तहमा विद्यालयमा नियमित रहेको देखिन्छ तर विवाह पश्चात ३२३ जनाले मात्र शिक्षा नियमित गरेको पाइन्छ । जसबाट ८ जना वा २ प्रतिशतले विवाह पश्चात पढाई छोडेको देखिन्छ ।
- सर्वेक्षणको नतिजालाई विश्लेषण गरि हेर्दा, अधिकांश माध्यामिक तहमा अध्ययन गर्ने केटा वा केटीहरुको नै विवाह वा बालविवाह भईरहेको देखिन्छ ।
- सन् २०२३ मा बिवाह भएका १८५ जना महिलाहरु मध्ये २३ जना वा १२ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल विवाह गर्नेहरु ९४ महिलाहरु मध्ये ११ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ ।
- बाल विवाहले निरन्तरता पाउनुका कारणहरु सोध्दा ६३ प्रतिशत उत्तरदाताहरुले अहिले आफै प्रेम सम्बन्ध बनाएर भागेर बिवाह गर्ने गरेको चलन बढेको बताएका थिए भने ६२ प्रतिशत परिवारहरुले गरीबिले, ५२ प्रतिशत ले शाथिहरुको लहैलहैमा लागेर, ४९ प्रतिशत समाजिक परम्पराले गर्दा बाल बिबाह गर्दिने गरेको बताए ।
- बाल विवाह कसरी अन्त्य गर्न सकिन्छ भनि कारणहरु सोध्दा ७२ प्रतिशत उत्तरहरु अभिभावकहरुमा जनचेतना जगाएर र जिम्मेवार बनाएर र ६६ प्रतिशत उत्तरहरु बालबालिकाहरुमा जनचेतना जगाएर र स्वयं बालबालिकाहरुलाईनै जिम्मेवार बनाएर र ५७ प्रतिशत कानुनको कडा कार्यान्वयन गरेर बालविवाह अन्त्य गर्न सकिन्छ भन्ने जवाफ प्राप्त भएको थियो । यस सम्बन्धि थप विकल्पहरु त्लका तालिकाहरुमा उल्लेख छ ।
- बाल बिबाहको कारणले पर्ने नकारात्मक असरहरुबारे उत्तरदातालाई प्रश्न सोधिएको मा सबै भन्दा बढी ८१ प्रतिशतले स्वास्थ्य सम्बन्धी समस्या आउने बताएका थिए ७३ प्रतिशतले छिट्टै गर्भवती हुने समस्या हुन्छ र ५९ प्रतिशतले बिद्यालय जान छुट्ने भन्ने उत्तर दिएको थिए ।



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

- बाल बिबाहको कानूनी प्रावधान र व्यवस्थाको बारेमा पनि प्रश्न सोधिएको थियो जसमा सबै भन्दा बढी ८३ प्रतिशत उत्तरदाताहरुले बिवाह दर्ता नहुने जनाएका थिए, त्यसैगरि ५४ प्रतिशतले बिवाह स्वतः बदर हुने र ४७ प्रतिशत उत्तरदाताहरुले २० वर्ष भन्दा पहिले विवाह गर्नु वा गराउनुहुदैन र ४५ प्रतिशत ले बालविवाह गर्ने र गराउने दुवैलाइ तीन वर्ष सम्मा कैद र तीस हजार रुपैया सम्म जरिवाना भनेर उत्तर दिएका थिए ।
- बालविवाह सम्बन्धि चारैवटा कानूनी प्रावधान बारे प्रश्न सोध्दा कुल १८० उत्तरदाता मध्ये ३६ जना (२०%) लाई मात्र बालबिवाहको चारवटै कानुनी प्रावधानहरु रहेको जानकारी भएको पाईयो ।
- समग्रमा ७७ प्रतिशत सहभागिहरुलाई मात्र बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर २ मा १०० प्रतिशत उत्तरदाताहरु लाईनै थाहा भएको पाईयो ।
- नरहरीनाथ गाँउपालिकामा विगत एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह भएमा कहाँ रिपोर्ट गर्नु पर्छ भनि सोधिएको थियो जसमा सबै भन्दा बढी ८२ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ७६ प्रतिशत उत्तरहरु पुलिसमा, ४७ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, ३४ प्रतिशत उत्तरहरु निगरानी समूहमा रिपोर्ट र १४ प्रतिशतले बाल हेल्पलाईनमा जानकारी गराउनु पर्छ भन्ने जानकारी भएको पाईएको छ । भने १७ जना वा ९ प्रतिशतलाई कहाँ रिपोर्ट गर्ने भन्ने थाहानै नभएको पाईयो ।
- बाल विवाह उन्मुलनको लागि समुदायमा कस्को भुमिका रहन्छ भन्ने प्रश्नमा अधिकांश उत्तरदाताहरु ६४ प्रतिशतले वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ , ६१ प्रतिशतले स्वयं घरपरिवारले, ५३ प्रतिशत बालक्लबले ५१ प्रतिशत युवा क्लब तथा सञ्जालको प्रमुख भुमिका रहेको बताए । ३६ प्रतिशत बालवालिका स्वयंले, २९ प्रतिशत पालिकाले र २६ प्रतिशत प्रहरीले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएका थिए ।
- नरहरिनाथ गाउँपलिकामा उत्तरदाताहरुसंग बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको बारेमा कतिको जानकारी रहेको छ भनेर बुझ्न खोज्दा ९१ जना ५१ प्रतिशत ले थाहा भएको जवाफ दिए भने बाँकी ८९ जना वा ४९ प्रतिशतले थाहा नभएको जवाफ दिए । तसर्थ आधा भन्दा कम जनालाई मात्र समुदायमा बालबिवाह र बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा जानकारी रहेको पाइयो ।
- यस गाउँपालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेषण गरी हेर्दा सन् २०२० मा ७४ प्रतिशत, सन् २०२१ मा ६७ प्रतिशत, सन् २०२२ मा ५२ प्रतिशत र सन् २०२३ मा ४० प्रतिशत बाल विवाहको दर पाईयो । बाल बिवाहको दर घटेको पाईएतापनि ४० प्रतिशत बाल बिवाह हुनु भनेको जुन नेपालको औषत दर भन्दा बढी हो । त्यसैले अझैपनि बालविवाह अन्त्य सम्वन्धि नीति कार्यक्रम तथा बजेट मा ध्यान दिन जरुरी देखिन्छ ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

# एकाइ १ परिचय

## १.१ पृष्ठभूमि (Background)

नेपालमा प्रचलित बालविवाह एक सामाजिक समस्याको रुपमा रहेका छ । नेपालमा बालविवाहको प्रचलन बढी छ जस्मा २०-२४ वर्षका नेपाली महिला मध्ये ३७ प्रतिशतले १८ वर्षको उमेरमा पहिलो विवाह गरेको पाइन्छ र १३ लाख बालबालिकाको १५ वर्षको उमेरमा विवाह भएको पाइन्छ । बालविवाहको प्रचलन दर बालकको तुलनामा बालिकाको बढि भएको पाइन्छ । त्यस्तै भौगोलिक स्थानका आधारमा, लिङ्गका आधारमा उल्लेख्य रूपमा उच्च बालविवाहको प्रचलन भएको पाइन्छ । अन्य भिन्नताहरूमा क्षेत्र, शिक्षाको स्तर, घरायसी सम्पत्ति र जात जातिको आधारमा पनि बालविवाहको प्रचलन फरक फरक पाइन्छ ।

नेपालको संविधान २०७२ र त्यस पश्चात बनेका ऐन नियम र कानुन ले बालविवाहलाई दण्डनीय अपराधको रूपमा स्पष्ट रूपमा लिइ यसलाई निषेध गरेको छ र पीडकहरूबाट उलङ्घन भएमा क्षतिपूर्ति पाउने गरी पीडितहरूको अधिकार स्थापित गरेको छ । संविधानले सबै प्रकारका हिंसाबाट मुक्त हुने महिलाको अधिकारलाई विशेष रूपमा मान्यता दिँदै प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ । संविधानले बालबालिकाको पहिचान र जन्म दर्ताको अधिकार सुनिश्चित गरी बालविवाहबाट रोक्ने, शिक्षा र स्वास्थ्य सेवाको अधिकारस जोखिमपूर्ण कामबाट संरक्षणको अधिकारस र उपेक्षा, अनैतिक प्रयोग, वा धार्मिक वा सांस्कृतिक प्रथाहरूको नाममा शारीरिक, मानसिक, वा यौन दुरव्यवहार वा शोषण जस्ता कुनै पनि रूपको घटनाबाट सुरक्षा गर्ने गरी बाल अधिकारको सुनिश्चिता गरेको छ । संविधानले यी मौलिक हकहरूको उल्लङ्घन भएमा न्यायिक र गैरन्यायिक समाधानको पनि व्यवस्था गरेको छ ।

नेपाल सरकारले नेपालमा बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति, २०७२ लाई अपनाएको छ, जसले बालविवाह विरुद्ध लड्न र कानुनी जवाफदेहिता प्रवर्द्धन गर्न एक सर्वाङ्गीण नीति ढाँचा प्रदान गर्दछ । विश्वव्यापी दिगो विकासको प्रतिबद्धताको रूपमा यसले २०३० सम्ममा बालविवाह उन्मूलन गर्नेछ । यसले बालविवाह अन्त्य गर्न बहु-क्षेत्रीय दृष्टिकोण अपनाउने कुरामा जोड दिन्छ । रणनीतिले छ वटा स्तम्भहरू समावेश गर्दछ, अर्थात बालबालिकाहरू र किशोरकिशोरीहरूको सशक्तिकरणस बालबालिका र किशोरकिशोरीहरूको लागि गुणस्तरीय शिक्षास बालकहरू, किशोरहरू र पुरुषहरूलाई संलग्न गराउनेस परिवार र समुदायलाई सहभागि गर्नेस सेवाहरूमा पहुँचस र कानून र नीतिहरूलाई बलियो बनाउने र कार्यान्वयन गर्ने । स्थानीय स्तरमा, बालमैत्री स्थानीय शासन दिशानिर्देशको प्रावधान छ जसमा बालविवाह घटाउने सूचकहरू ८० प्रतिशत पुरा भएपछिमात्र घोषणा गर्नुपर्नेछ ।

प्लान इन्टरनेशनलको परियोजना क्षेत्रमा पर्ने कालीकोटको नरहरीनाथ गाउँपालिकामा बाल विवाहको प्रचलनको अवस्था बारे बुझ्न सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको नतिजा र सुझावहरुका आधारमा प्लान इन्टरनेशनल नेपालले उक्त गाउँपालिकामा बालविवाह न्यूनीकरण गर्न स्थानीय सरकार तथा सम्बन्धीत स्थानिय सँघ सस्थाहरुसँगको समन्वयमा परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नेछ ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ, कालिकोट कर्णाली प्रदेश, नेपाल

### १.२ परियोजनाको परिचय

यो परियोजनाको अन्तिम लक्ष्य परियोजना सन्चालित नेपालका बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुमा बाल विवाह, छिटो हुने विवाह तथा जवरजस्ती गरिने विवाहको दर घटाउनु रहेको छ । यो एउटा बृहत्तर कार्यपद्धतीको आधारमा सन्चालन गरिने छ जसले किशोर किशोरीहरुको संरक्षणको लागि उनीहरुको संगठन तथा सशक्तिकरण गर्छ, शिक्षा र आर्थिक सशक्तिकरणका माध्यमबाट उनीहरुको भविष्यको लागि विकल्प दिन्छ र उनीहरुलाई यौन तथा प्रजनन स्वास्थ्यको ज्ञान दिनुका साथै जीवनोपयोगि सीप बृद्धि गर्छ । यसका साथै यो परियोजनाले पारिवारको आर्थिक विपन्नताको कारणले बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ती गरिने विवाहको जोखिममा रहेका छोरीहरुको परिवारलाई आयआर्जन बृद्धिका लागि सहयोग गर्छ जसले गर्दा ती छोरीहरुको बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ति गरिने विवाह नहोस ।

यो परियोजनाले समुदाय परिचालन, साझेदारी, नीतिगत पैरवी र अभियानमुलक गतिविधीका माध्यामबाट बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ती गरिने विवाहका अन्तर्निहित कारणहरुलाई सम्बोधन गर्दै छोरीहरुलाई सम्मान दिने तथा केटी र केटाहरुको ढिलो विवाह गर्ने खालका मूल्यमान्यताहरु अनुसरण गर्न प्रोत्साहन गर्नेछ । त्यसै गरी यो परियोजनाले बालसंरक्षण सम्बन्धीका कानुन तथा नीति नियमहरुको सबलीकरण तथा तिनिहरुको कार्यान्वयनको लागि पैरवी गर्ने छ ।

यो परियोजनाबाट नेपालको बर्दिया, कालिकोट र जुम्लाका बिभिन्न १० वटा पालिकाका ८८ समुदायमा रहेका ११२ वटा विद्यालयका र ३४,८२२ बालबालिका लाभान्वित हुनेछन् । परियोजना कार्यान्वयनको क्रममा बालिका/महिला, दलित, अपांगतालाई मुलप्रवाहिकरण गरीने छ ।

**परियोजनाको मूख्य उद्देश्यः**

"नेपालको बर्दिया, कालिकोट र जुम्ला जिल्लामा बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ती गरिने विवाहका दरलाई घटाउनु ।"

**आशा गरिएका परिणामहरुः**

- बालिकाहरुको बिद्यालयमा निरन्तरता भएको हुनेछ ।
- किशोर किशोरीहरु यौन तथा प्रजनन् स्वास्थ्य को बारेमा जानकार भएका हुनेछन् ।
- बाल बिवाह, छिटो हुने बिवाह र जबरजस्ती गरिने बिवाहको उच्च जोखिममा रहेका बालिका र तिनका परिवारहरुको आर्थीक सवलीकरण भएको हुनेछ ।
- समुदायले बाल विवाह, छिटो हुने बिवाह र जबरजस्ती गरिने बिवाह हुन नदिने खालका सामाजिक मुल्य मान्यताहरुको अवलम्वन गरेका हुनेछन् ।
- बाल बिवाह, छिटो हुने बिवाह र जबरजस्ती गरिने विवाह सम्बन्धी नीति नियमहरुमा सुधार भई कार्यान्वयन भएको हुनेछ ।

०९/०९/२३

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

**१.३ सर्वेक्षणको उद्देश्य**

- सर्वेक्षणको समग्र उद्देश्य कालीकोटको नरहरिनाथ गाउँपालिकामा बालविवाहको व्यापकता/प्रचलनको स्थिति पत्ता लगाउनु ।
- बालविवाहको व्यापकता/प्रचलनमा कुन कुन तत्वहरुले प्रभाव पारेको छ पत्ता लगाउनु ।
- सर्वेक्षणको नतिजाको आधारमा बाल विवाह, छिटो गरि हुने विवाह तथा जबरजस्ती गरिने विवाहलाई रोकथाम गर्ने परियोजनाका गतिबिधीहरु योजना तथा लागु गर्नु ।
- सर्वेक्षणको नतिजाको आधारमा स्थानिय सरकारको निती बजेट तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यन्वयनमा मद्दत गर्ने वा सहजिकरण गर्ने ।

०७९/०९/२५

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

# एकाइ २ सर्वेक्षण क्षेत्र र विधि

## २.१ गाउँपालिकाको पृष्ठभुमि (Background of Rural Municipality)

नरहरीनाथ गाउँपालिका कालिकोट जिल्लाका ९ वटा स्थानीय तहहरु मध्ये एउटा गाउँपालिका हो । गाउँपालिकाको भुभागको कुल क्षेत्र १४३.८६ वर्ग किलोमिटर रहेको छ । गाउँपालिकालाई ९ वडाहरुमा विभाजन गरिएको छ । जिल्लाको पूर्वमा खाडाचक्र नगरपालिका, पश्चीमा अछाम जिल्ला उत्तरमा सान्नी त्रिवेणी गाउँपालिका वा बाजुरा जिल्ला र दक्षीणमा कर्णली नदी वा दैलेख जिल्ला पर्दछ । नरहरीनाथ गाउँपालिका एक ऐतिहासीक महत्व बोकेको व्यक्ति योगी नरहरिनाथको नामबाट नामाकरण गरिएको हो । प्रारम्भिक जनगणना २०७८ अनुसार यस गाउंपालिकामा जम्मा ३९१० घरधुरीमा कुल जनसंख्या २४१८९ (पुरुष १२४९३ र महिला ११७४३) रहेको छ । कुल जनसंख्या मध्ये किशोरावस्था (१०-१९ बर्ष) को जनसंख्या ५,४१९ र प्रजनन उमेरका महिला (१५ -४९ बर्ष ) ६,२२८ रहेको छ । जनघनत्व २४१.८२ जना प्रतिकिलोमिटर र लैगिक अनुपात १०६.२७ रहेको छ । यस गाउँपालिकाको साक्षरता दर ८४.६८ छ ।

## २.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू

यस अध्ययनले घरपरिवार सर्वेक्षण विधि प्रयोग गरेर तथ्याङ्क सङ्कलनको बेनामि मात्रात्मक विधि प्रयोग गरिएको थियो । यो अध्ययन प्लान इन्टरनेशनल नेपालको अनुगमन, मूल्याङ्कन, अनुसन्धान र सिकाइ ईकाईको नेतृत्वमा सर्वेक्षण गरिएको थियो भने परियोजना क्षेत्रमा स्थानीय कार्यान्वयन साझेदार संस्थाहरूको सहयोगमा र स्थानिय पालिकाहरुको समन्वयमा परिमाणात्मक सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई नियुक्त गरि सर्बेक्षण गरिएको थियो । सर्बेक्षण गर्नु पूर्व गणकहरूलाई प्रश्नावली, अन्तर्वार्ता विधि, नमूना छनौट विधी, लिखित सहमति, बालबालिका, युवाको सुरक्षा सम्बन्धी विषयहरु समेटेर दुई दिने तालिम सञ्चालन गरिएको थियो ।

कालिकोटको रास्कोटा, सन्नित्रिवेणी र नरहरिनाथ, जुम्ला जिल्लाको सिन्जा, हिमा र कनकासुन्दरी तथा बर्दियाको बढैयाताल, बाँसगढी, गुलरिया र राजापुर गरी १० गाउपालिका/नगरपालिकाका सबै वडाहरूलाई यो सर्बेक्षणमा समेटिएको थियो ।

यो सर्वेक्षणमा मूख्यतया घरमुलिलाई सहभागिको रुपमा समाबेस गरिएको थियो ।

## २.३ नमूना छनौट प्रक्रिया र नमूना

घरपरिवार सर्वेक्षण जनगणनाको रूपमा सञ्चालन गरिएको छ जहाँ छनोट गरिएको प्रत्येक वडाबाट उत्तरदाता छनोट भएका सर्वेक्षणको लागि तथ्याङ्क/सूचना प्राथमिक स्रोतहरूद्वारा सङ्कलन गरिएको थियो । तथ्यांक संकलनका लागि २०७९ मंसिर २७ देखि २०८० मसिर २६ गते सम्मको एक वर्ष भित्र विवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । नरहरीनाथ गाउँपालिका अन्तर्गत कुल उत्तरदाता १८० (महिला ९३ र पुरुष ८७) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । जसमा ३३३ जनाको एक वर्ष भित्र विवाह भएको थियो । एक प्रत्यक्ष अन्तर्वार्ता उत्तरदाताको लिखित सहमतिमा लिइएको थियो जुन मोबाइल फोनमा रेकर्ड गरिएको थियो ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

भैरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

समुदायमा गणकहरुले विवाह भएको घर पत्ता लगाउन स्नोबल नमूना प्रविधि प्रयोग गरिएको थियो । गणकहरूले विवाह भएको घर घरपरिवारको बारेमा समुदायमा कोहि एक जनासँग लिई सो घरमा अन्तर्वार्ता लिन्छन् । त्यसपछी सो अन्तर्वार्ता दिने व्यक्ति सगै त्यस समुदायमा अरु दोस्रो विवाह भएको घरको बारेमा जानकारीलिई अन्तर्वार्ताको लागि दोस्रो घरमा जाने गर्दछन् ।

## २.४ डाटा सङ्कलन विधि

सर्वेक्षणका लागि मोबाइलमा आधारित डाटा सङ्कलनका लागि निःशुल्क र खुला स्रोत सफ्टवेयर कोबो टूलबक्समा (KoBo Toolbox) प्रश्नावली मा डिजाइन गरिएको थियो । मोबाईलमा कोबो कलेक्ट एप डाउनलोड गरि सो मार्फत घरपरिवार सर्वेक्षण गरिएको थियो । यो अन्तर्वार्ता अवधिमा घरमा उपस्थित अभिभावक वा घरपरिवार प्रमुख वा घरपरिवारका सदस्यहरूलाई समावेस गरिएको थियो।

स्थानीय साझेदार सस्थाहरूको सहयोगमा स्थानीय गणकहरू नियुक्त गरिएको थियो। उनीहरूलाई डाटा सङ्कलन आवेदन, प्रश्नावली उपकरण र घरपरिवार छनोट प्रक्रियाबारे दुई दिने तालिम दिइएको थियो तालिमकै दौरान मोबाईलमा आधारीत कोबो कलेक्ट एपसँग परिचित गराइएको थियो । प्रश्नावलीहरू पूर्व-परीक्षण (Pre–test) पछि परिमार्जन गरिएको थियो भने त्यसपछि फिल्डमा डाटा सङ्कलन गरिएको थियो ।

प्रतिवेदनको तयारी वर्णनात्मक सांख्यिकीय विधिहरू (चार्ट, एक्सेल उपकरणमा ग्राफहरू) प्रयोग गरेर विश्लेषण गरिएको थियो।

## २.५ बाल संरक्षण, सहमति र गोपनीयता

तालिमको क्रममा सर्भेक्षण परियोजना कार्य व्यवस्थापन टोलीबाट गणकहरूलाई बाल सुरक्षा नीति/बाल संरक्षण नीति बारे अभिमुखीकरण प्रदान गरिएको थियो । सर्वेक्षणको क्रममा बालबालिका/युवा मानिसहरूलाई दुर्वव्यवहार वा दुर्वव्यवहार हुन सक्ने कुराबाट रोक्न वा प्लान इन्टरनेशनलको बालबालिका र कार्यक्रम सहभागीहरुको सुरक्षा नीति (SCPP) बालबालिका र युवाहरूलाई सुरक्षित र सुरक्षित राख्नको लागि हो भन्नेलाई कडाइका साथ पालना गरिएको थियो । । गणनाकर्ताहरूको तालिममा MERL टोलीद्वारा गणकहरूलाई अनुसन्धान नैतिक विधि प्रदान गरिएको थियो । गणकर्ताहरूले उत्तरदाताको उमेर १८ वर्ष भन्दा कम छ भने, उसको/उनको अभिभावकबाट अनुमति प्राप्त गरिएको थियो। अध्ययन टोलीले सबै सहभागीहरूलाई अध्ययनको उद्देश्यहरू, तिनीहरूको स्वैच्छिक संलग्नता, तथ्याङ्क गोपनीयता, तथ्याङ्कको प्रयोग र उनीहरूको नाम प्रतिवेदनमा उल्लखे नहुने जस्ता कुरा बारे जानकारी गराएको थियो ।
तथ्याङ्क सङ्कलनका सबै चरणहरूमा बालवालिका र युवाहरूलाई हानिबाट जोगिन र यस अध्ययनमा सबै सहभागीहरूको सुरक्षित सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त न्यूनीकरणका उपायहरू अवलम्बन गर्नका लागि गणकहरूलाई अभिमुखीकरण गरिएको थियो।

८१।०१।२३

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

### २.६ तथ्याङ्क गुणस्तर आश्वासन, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण

घरपरिवारसँग सोधिएको प्रश्नावलीहरू परियोजना टोली, स्थानीय सरकार लगायत साझेदारहरूसँग उहाँहरूको समीक्षा सुझाव र प्रतिक्रियाको लागि प्रदान गरिएको थियो। प्रतिक्रिया/सुझावहरू अन्तिम संस्करणमा समावेश गरि कोबो कलेक्टमा फारम डिजाइन गरिएको थियो । समुदायमा तथ्याङ्क सङ्कलन गर्नुअघि अध्ययन टोलीद्वारा पूर्व-परीक्षण गरिएको थियो । परियोजना स्थानहरूमा तथ्याङ्क सङ्कलन लगि मोबाइल एप्समा आधारित कोबो टूलबक्स प्रयोग गरिएको थियो।

सङ्कलन गरिएको तथ्याङ्क इलेक्ट्रोनिक प्रोटोकल र उपकरणहरू प्रयोग गरी व्यवस्थित गरिएको थियो । वर्णनात्मक सांख्यिकीय उपकरणहरू जस्तै फ्रिक्वेन्सी, प्रतिशत, ग्राफ आदि, सम्भव भएसम्म विश्लेषण गर्न प्रयोग गरियो।

### २.७ अध्ययनको सीमितता

- अध्ययनका निष्कर्षहरू परियोजना अध्ययन स्थानहरू भित्रको जनसंख्यामा सीमित छन् र कुनै अन्य जनसांख्यिकीयमा लागू नहुन सक्छ ।
- अध्ययनका निष्कर्षहरू अन्तर्वार्ताका सहभागीहरूको व्याख्यामा सीमित छन् ।
- अध्ययन क्षेत्र/परियोजना स्थानहरूमा अन्य विकास परियोजनाहरू र कार्यक्रमहरू चलिरहेका छन् जसले वालविवाहको न्यूनिकरणमा योगदान पुऱ्याउन सक्छन् ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

# एकाइ ३ तथ्यांक विश्लेषण र निष्कर्ष (Data Analysis and Findings)


## ३.१ उत्तरदाताहरूको सामान्य जानकारी

नरहरीनाथ गाउँपालिकामा ९३ महिला र ८७ पुरुष गरी जम्मा १८० वटा घरधुरीको १८० जना उत्तरदाताहरु संग प्रश्नावली सोधिएको थियो । ती १८० घरधुरीहरुको परिवारका सदस्यहरु मध्ये ३३३ जनाको एक वर्ष भित्र (२०७९ मंसिर २७ गते देखी २०८० मंसिर २६ गते सम्म) विवाह भएको थियो ।

### ३.१.१ वडागत रुपमा उत्तरदाताहरुको लैङ्गिक तथा जात/जाति विवरण

वडागतरुपमा उत्तरदाताहरुको लैङ्गिक विवरण

| वडा नं. | महिला | % | पुरुष | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | ६ | ४३% | ८ | ५७% | १४ |
| २ | ९ | ६९% | ४ | ३१% | १३ |
| ३ | २ | १८% | ९ | ८२% | ११ |
| ४ | ७ | ३९% | ११ | ६१% | १८ |
| ५ | १३ | ७२% | ५ | २८% | १८ |
| ६ | १४ | ७८% | ४ | २२% | १८ |
| ७ | ७ | ५४% | ६ | ४६% | १३ |
| ८ | १४ | ५४% | १२ | ४६% | २६ |
| ९ | २१ | ४३% | २८ | ५७% | ४९ |
| जम्मा | ९३ | ५२% | ८७ | ४८% | १८० |




उपरोक्त तालिका अनुसार १८० जना उत्तरदाताहरु मध्ये ९३ जना (५२ प्रतिशत) महिला र ८७ जना (४८ प्रतिशत) पुरुष सहभागीहरुले यस सर्वेक्षणमा भाग लिनु भएको थियो । यस पालिकाको वडागत हिसावले लैंगिकरुपमा कति जनाले सर्वेक्षणमा भाग लिए भन्ने विवरण माथीको तालिकामा देखाईएको छ ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| वडागतरुपमा उत्तरदाताको जातीगत विवरण | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. | ब्राहमण | % | दलित | % | जम्मा |
| १ | १० | ७१% | ४ | २९% | १४ |
| २ | ५ | ३८% | ८ | ६२% | १३ |
| ३ | १० | ९१% | १ | ९% | ११ |
| ४ | १७ | ९४% | १ | ६% | १८ |
| ५ | १८ | १००% | ० | ०% | १८ |
| ६ | ५ | २८% | १३ | ७२% | १८ |
| ७ | ८ | ६२% | ५ | ३८% | १३ |
| ८ | २४ | ९२% | २ | ८% | २६ |
| ९ | २५ | ५१% | २४ | ४९% | ४९ |
| जम्मा | १२२ | ६८% | ५८ | ३२% | १८० |

उपरोक्त तालिका अनुसार यस नरहरीनाथ गाउँपालिकाको जम्मा १८० घरधुरीहरु मध्ये जातीगत रुपमा ब्राहमण क्षेत्री १२२ (६८%) र दलित समुदायको ५८ (३२%) जनाले अन्तरबार्तामा सहभागीता जनाएका थिय । वडागत हिसावले कुन वडामा कुन जाती वा समुदायको कती जनाले सर्वेक्षणमा भाग लिए भन्ने बारे बिस्तृत माथिको तालिका मा उल्लेख गरिएको छ ।




### ३.१.२ वडागतरुपमा उत्तरदाताहरुको उमेर समुहगत विवरण:

| वडागतरुपमा उत्तरदाताहरुको उमेर समुह गत विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नम्वर | २० वर्ष मुनि | % | २० देखि ४० वर्ष उमेर समुह | % | ४१ देखि ६० वर्ष उमेर समुह | % | ६१ वर्ष भन्दा माथिका | % | जम्मा |
| १ | १ | ७% | ५ | ३६% | ७ | ५०% | १ | ७% | १४ |
| २ | १ | ८% | ७ | ५४% | ३ | २३% | २ | १५% | १३ |
| ३ | | ०% | ५ | ४५% | ६ | ५५% | | ०% | ११ |
| ४ | २ | ११% | ९ | ५०% | ५ | २८% | २ | ११% | १८ |
| ५ | ३ | १७% | ११ | ६१% | ३ | १७% | १ | ६% | १८ |
| ६ | ४ | २२% | ८ | ४४% | ४ | २२% | २ | ११% | १८ |
| ७ | ४ | ३१% | ८ | ६२% | १ | ८% | | ०% | १३ |
| ८ | १ | ४% | १५ | ५८% | ९ | ३५% | १ | ४% | २६ |
| ९ | ३ | ६% | ११ | २२% | ३३ | ६७% | २ | ४% | ४९ |
| जम्मा | १९ | ११% | ७९ | ४४% | ७१ | ३९% | ११ | ६% | १८० |

०५/०५/२३
नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner


माथि तालिकामा देखाइएको उत्तरदाताहरुको उमेरसमुहको विवरण हेर्दा १९ प्रतिशत उत्तरदाताहरु २० बर्ष भन्दा कम उमेर समुहका, ४४ प्रतिशत उत्तरदाताहरु २० देखि ४० बर्ष उमेर समुहका, ३९ प्रतिशत उत्तरदाताहरु ४१ देखि ६० वर्ष उमेर समुहका र ६ प्रतिशत उत्तरदाताहरु ६१ वर्ष भन्दा माथिको उमेरसमुहका रहेको पाइयो । डाटा संकलन कर्ताहरुलाइ घरमा जाने बुझ्केको या घरमूलि बाट तथ्याङ्को बारेमा सोधपूछ गर्ने भनेर अभिमुखिकरण गरिएको र भने अनुरुप नै तथ्याङ्क संकलन भएको पुष्टि यस बाट गर्न सकिन्छ । वडागत विवरण माथीको तलिकामा प्रस्तूत गरिएको छ ।

### ३.१.३ विवाह गर्ने कानुनी उमेर बारे जानकारी

**विवाह गर्ने कानुनी उमेर बारे जानकारी**

| वडा नं. | कानुनी उमेर थाह भएको | | | | | | कानुनी उमेर थाह नभएको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | ५ | ३६% | ६ | ४३% | ११ | ७९% | १ | ७% | २ | १४% | ३ | २१% | १४ |
| २ | ९ | ६९% | ४ | ३१% | १३ | १००% | ० | ०% | ० | ०% | ० | ०% | १३ |
| ३ | १ | ९% | ४ | ३६% | ५ | ४५% | १ | ९% | ५ | ४५% | ६ | ५५% | ११ |
| ४ | ५ | २८% | १० | ५६% | १५ | ८३% | २ | ११% | १ | ६% | ३ | १७% | १८ |
| ५ | १२ | ६७% | ५ | २८% | १७ | ९४% | १ | ६% | ० | ०% | १ | ६% | १८ |
| ६ | ९ | ५०% | ३ | १७% | १२ | ६७% | ५ | २८% | १ | ६% | ६ | ३३% | १८ |
| ७ | ७ | ५४% | ५ | ३८% | १२ | ९२% | ० | ०% | १ | ८% | १ | ८% | १३ |
| ८ | १२ | ४६% | ९ | ३५% | २१ | ८१% | २ | ८% | ३ | १२% | ५ | १९% | २६ |
| ९ | १५ | ३१% | १८ | ३७% | ३३ | ६७% | ६ | १२% | १० | २०% | १६ | ३३% | ४९ |
| जम्मा | ७५ | ४२% | ६४ | ३६% | १३९ | ७७% | १८ | १०% | २३ | १३% | ४१ | २३% | १८० |

उपरोक्त तालिका ४ मा देखाए जस्तै, यो सर्वेक्षणमा सहभागि भएका १८० घरपरिवार मध्ये समग्रमा ७७ प्रतिशत सहभागिलाई मात्र विवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिंसाबले हेर्दा वडा नम्वर २, ५ र ७ मा क्रमशः १००%, ९४% र ९२% सहभागिलाई थाह भएको पाईयो । त्यसैगरि विवाह गर्ने कानुनी उमेर बारे कम जानकारी भएका वडाहरु ३, ६, ९, १, ८ र ४ रहेका छन् जसमा क्रमशः ५५%, ३३%, ३३%, २१%, १९% र १७% सहभागीहरुलाइ विवाह गर्ने कानुनी उमेर बारे जानकारी नभएको पाइयो ।





नरेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner


नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३






समग्रमा विवाह गर्ने कानूनी उमेर थाह भएका ७७ प्रतिशत सहभागिहरु मध्ये ४२ प्रतिशत महिला तथा ३ प्रतिशत पुरुषहरु भएको पाईयो । वडागत रुपमा लैङ्गिक अनुसार विवाह गर्ने कानूनी उमेर थाह भएको र थाह नभएको विस्तृत विवरण माथिका तालिका मा प्रस्तुत गरीएको छ ।

## ३.२ बालविवाह

### ३.२.१ नरहरीनाथ गाउँपालिकामा बालबिवाहको अवस्था






०८।०५।२३
नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

सन् २०२३ को डिसेम्बरमा गरिएको सर्वेक्षण अनुसार यस नरहरीनाथ गाउँपालिकामा जम्मा ३३३ वटा विवाह भएको मा १८५ महिला र १४८ पुरुषको विवाह भएको देखिन्छ । विगत चार बर्षको (सन् २०२० देखि सन् २०२३ सम्मको) तथ्याङ्क विश्लेशण गरी हेर्दा बालविवाहको दर **सन् २०२० मा ७४ प्रतिशत, सन् २०२१ मा ६७ प्रतिशत, सन् २०२२ मा ५२ प्रतिशत र सन् २०२३ मा ४० प्रतिशत रहेको पाईयो** । बाल विवाहको व्यापकताको दर क्रमश: घटेको देखिएको पाईएतापनि ४० प्रतिशत बाल विवाह र छिटो विवाह हुनु भनेको नेपालको औषत दर भन्दा ब्रढी हो । त्यसैगरि लैङ्गिक विवरण हेर्दा १३४ बालविवाह मध्ये ९४ जना वा ७० प्रतिशत किशोरीहरु र ४० जना वा ३० प्रतिशत किशोरहरु बालविवाहमा परेको देखिन्छ ।

### ३.२.२ नरहरीनाथ गाउँपालिकाको वडागतरुपमा बालबिवाहको विवरण

*विगत ३ वर्षको वडागत बालविलाहको तुलनात्मक विवरण*

| वडा नम्बर | सन २०२१ | | | सन २०२२ | | | सन २०२३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत |
| १ | ६७ | ३७ | ५५% | ३५ | १९ | ५४% | २२ | १५ | ६८% |
| २ | ६८ | ५२ | ७६% | ३९ | २२ | ५६% | २४ | ११ | ४६% |
| ३ | ३८ | २२ | ५८% | २० | १३ | ६५% | २२ | ५ | २३% |
| ४ | ३१ | २२ | ७१% | ५७ | २८ | ४९% | ३६ | २ | ६% |
| ५ | ४६ | ४२ | ९१% | २६ | २० | ७७% | ३३ | १९ | ५८% |
| ६ | ६२ | ३७ | ६०% | २७ | १० | ३७% | ३३ | १३ | ३९% |
| ७ | २९ | २६ | ९०% | ४० | २४ | ६०% | २८ | १५ | ५४% |
| ८ | ५९ | ४० | ६८% | ३४ | १३ | ३८% | ४७ | २१ | ४५% |
| ९ | ६५ | ३३ | ५१% | ३३ | १२ | ३६% | ८८ | ३३ | ३८% |
| जम्मा | ४६५ | ३११ | ६७% | ३११ | १६१ | ५२% | ३३३ | १३४ | ४०% |

यस बर्षको बालविवाहको स्थिती वडागत रुपमा हेर्दा वडा नम्बर १ मा सबैभन्दा बढी ६८% र वडानं. ४ मा सबैभन्दा कम ६% रहेको नतिजाले देखाउँदछ । तुलनात्मक विष्लेशण गर्दा यसपालिकामा अघिल्लो बर्षभन्दा समग्रमा घटेको देखिएता पनि वडागतरुपमा भने केही वडाहरुको दर बढेको दखिन्छ । जस्तै केहि वडाहरु २, ३, ४, ५, र ७ मा अघिल्लो बर्ष भन्दा बालविवाहको दर घटेको देखिए तापनि वडानं १, ६, ८ र ९ मा भने बालविवाहको दर बढेको देखिन्छ । जुन सोचनीय हुन जान्छ । सन् २०२१ देखि सन् २०२३ सम्म ३ बर्षको यस नरहरीनाथ गाउँपालिकाको वडागतरुपमा बालविवाह व्यापकता सर्वेक्षणको नतिजा माथिको तलिकामा विस्तृत रुपमा देखाइएको छ ।

### ३.२.३ जातिगत तथा वडागत बाल विवाहको विवरण :

**जातिगत तथा वडागत बाल विवाह, छिटो हुने विवाहको विवरण**

| वडा | २० वर्ष मुनि भएका विवाह | २० वर्ष पारि भएका विवाह | जम्मा विवाह |
|---|---|---|---|




नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| | ब्राह्मणर क्षत्री | % | दलित | % | जम्मा | ब्राह्मणर क्षत्री | % | दलित | % | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११ | ५०% | ४ | १८% | १५ | ३ | १४% | ४ | १८% | ७ | २२ |
| २ | ३ | १३% | ८ | ३३% | ११ | ७ | २९% | ६ | २५% | १३ | २४ |
| ३ | ५ | २३% | ० | ०% | ५ | १५ | ६८% | २ | ९% | १७ | २२ |
| ४ | २ | ६% | ० | ०% | २ | ३२ | ८९% | २ | ६% | ३४ | ३६ |
| ५ | १९ | ५८% | ० | ०% | १९ | १४ | ४२% | | ०% | १४ | ३३ |
| ६ | २ | ६% | ११ | ३३% | १३ | ६ | १८% | १४ | ४२% | २० | ३३ |
| ७ | ९ | ३२% | ६ | २१% | १५ | ९ | ३२% | ४ | १४% | १३ | २८ |
| ८ | १९ | ४०% | २ | ४% | २१ | २५ | ५३% | १ | २% | २६ | ४७ |
| ९ | १६ | १८% | १७ | १९% | ३३ | ३० | ३४% | २५ | २८% | ५५ | ८८ |
| जम्मा | ८६ | २६% | ४८ | १४% | १३४ | १४१ | ४२% | ५८ | १७% | १९९ | ३३३ |



फिगर ४ : जम्मा विवाह र बालविवाहको जातिगत विवरण

यो वर्षमा यस नरहरीनाथ गाउँपालिकामा जम्मा ३३३ विवाहहरु भएको मा जातिगत रुपमा भएको विवाह र बालविवाहको विवरण हेर्दा सबै भन्दा बढि २२७ वटा विवाह ब्राह्मण र क्षेत्रीमा भएको र १०६ वटा विवाह दलित समुदायमा भएको देखिन्छ । जातिगत रुपमा यो तथ्याङ्लाई केलाएर हेर्ने हो भने यस बर्ष भएका ३३३ वटा विवाहहरु मध्येको २६% बालविवाह ब्राह्मण क्षत्री समुदायमा र १४% बालविवाह दलित समुदायमा भएको पाईन्छ । अझैं त्यसमा पनि जातीगत भित्रको विवाहलाई विश्लेषण गर्नेहो भने ब्राहमण समुदायमा भएको जम्मा २२७ विवाहहरुमा ३८ प्रतिशत मात्रै बालविवाह छन् भने दलित समुदायमा भएको जम्मा १०६ वटा विवाह मध्ये ४५ प्रतिशत बालविवाह भएको देखिन्छ । यस बाट के स्पष्ट हुन्छ भने अझैपनि दलित समुदाय भित्र बालविवाह को चलन बढी नै छ जसको अन्त्यका लागि दलित समुदाय केन्द्रित कार्यक्रमहरु ल्याउनुपर्ने र लागु गर्नु पर्ने आवश्यक्ता देखिन्छ ।

त्यसैगरी जम्मा भएको ३३३ वटा विवाहहरु मध्ये ब्राहमण समुदायमा १४१ वटा (४२%) विवाह २० बर्ष पुगेपछी र ८६ वटा (२६%) विवाह २० बर्ष अधीनै भएको देखिन्छ । भने दलित समुदायमा ५८ वटा (



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

१७%) विवाह २० बर्ष पुगेपछी र ४८ वटा (१४%) विवाह २० बर्ष अघीनै भएको देखिन्छ । तुलनात्मक रुपमा वडागत हिसाबले हेर्नेहो भने, वडानं.१, ३, ५, ७ र ८ मा ब्राहमण क्षेत्रीहरुको बढी बालविवाह भएको छ भने वडानं. २, ४, ६ र ९ मा दलित समुदायको बालविवाह बढी भएको देखिन्छ । वडागतको विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरीएको छ ।

३.२.४ जम्मा भएको विवाहका प्रकार तथा वडागत विवरण

**विवाहको प्रकार तथा वडागत विवाहको विवरण**

| वडा | २० बर्ष मुनि भएका विवाह | | | | | | २० बर्ष पारि भएका विवाह | | | | | | जम्मा विवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावकले गरिदिएको बिवाह | % | आफैले विवाह गरेका | % | जम्मा | % | अभिभावकले गरिदिएको विवाह | % | आफैले विवाह गरेका | % | जम्मा | % | |
| १ | ० | 0% | १५ | १००% | १५ | ६८% | ० | 0% | ७ | १००% | ७ | ३२% | २२ |
| २ | ० | 0% | ११ | १००% | ११ | ४६% | ० | 0% | १३ | १००% | १३ | ५४% | २४ |
| ३ | ० | 0% | ५ | १००% | ५ | २३% | ० | 0% | १७ | १००% | १७ | ७७% | २२ |
| ४ | ० | 0% | २ | १००% | २ | ६% | ० | 0% | ३४ | १००% | ३४ | ९४% | ३६ |
| ५ | ० | 0% | १९ | १००% | १९ | ५८% | ० | 0% | १४ | १००% | १४ | ४२% | ३३ |
| ६ | ० | 0% | १३ | १००% | १३ | ३९% | ० | 0% | २० | १००% | २० | ६१% | ३३ |
| ७ | ० | 0% | १५ | १००% | १५ | ५४% | ० | 0% | १३ | १००% | १३ | ४६% | २८ |
| ८ | ० | 0% | २१ | १००% | २१ | ४५% | १ | ४% | २५ | ९६% | २६ | ५५% | ४७ |
| ९ | ० | 0% | ३३ | १००% | ३३ | ३८% | १ | २% | ५४ | ९८% | ५५ | ६३% | ८८ |
| जम्मा | ० | 0% | १३४ | १००% | १३४ | ४०% | २ | १% | १९७ | ९९% | १९९ | ६०% | ३३३ |

यस गाउँपालिकामा गत सन् २०२३ मा भएका जम्मा ३३३ वटा विवाहहरु मध्ये १३४ वटा बालविवाह भएको र १३४ वटा बालविवाहहरु मध्ये पनि सबै विवाह १०० प्रतिशत बालबालिका अफैले अगुवाई वा पहल गरेर गरेको देखीन्छ । भने २० बर्ष भन्दा माथी भएका १९९ वटा विवाहहरु मध्ये २ जना (१%) को मात्रै अभिभावकले गरीदिएको विवाह भन्ने देखिन्छ र बाँकी १९७ वटा (६०%) विवाह आफैले पहल गरेर विवाह गरेको वा आफ्नै इच्छाले विवाह गरेको पाइयो । यस बाट के स्पष्ट हुन्छ भने बालविवाहको अन्त्य गर्ने मामिलामा बालबालिका स्वयं पनि जिम्मेवार हुनुआवश्यक देखिन्छ भने अभिभावकहरु पनि बालवालिका को निर्णणको विषयमा सचेत् हुनुपर्ने देखिन्छ ।

३.२.५ बाल विवाहको प्रकार, लैङ्गिक तथा वडागत विवरण

**बाल विवाहको प्रकार, लैङ्गिक तथा वडागत विवरण**

| वडा | २० बर्ष मुनि भएका विवाह | २० बर्ष पारि भएका विवाह | जम्मा विवाह |
|---|---|---|---|

नरेन्द्र बहादुर बिष्ट
अध्यक्ष




Scanned with CamScanner


नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| | महिला | | | | पुरुष | | | | | महिला | | | | पुरुष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावकले गरिदिएको बिवाह | % | आफैले बिवाह गरेका | % | अभिभावकले गरिदिएको बिवाह | % | आफैले बिवाह गरेका | % | जम्मा | अभिभावकले गरिदिएको बिवाह | % | आफैले बिवाह गरेका | % | अभिभावकले गरिदिएको बिवाह | % | आफैले बिवाह गरेका | % | जम्मा | |
| १ | ० | ०% | १२ | ८०% | ० | ०% | ३ | २०% | १५ | ० | ०% | २ | २९% | ० | ०% | ५ | ७१% | ७ | २२ |
| २ | ० | ०% | ७ | ६४% | ० | ०% | ४ | ३६% | ११ | ० | ०% | ६ | ४६% | ० | ०% | ७ | ५४% | १३ | २४ |
| ३ | ० | ०% | ३ | ६०% | ० | ०% | २ | ४०% | ५ | ० | ०% | ८ | ४७% | ० | ०% | ९ | ५३% | १७ | २२ |
| ४ | ० | ०% | २ | १००% | ० | ०% | | ०% | २ | ० | ०% | १६ | ४७% | ० | ०% | १८ | ५३% | ३४ | ३६ |
| ५ | ० | ०% | १२ | ६३% | ० | ०% | ७ | ३७% | १९ | ० | ०% | ६ | ४३% | ० | ०% | ८ | ५७% | १४ | ३३ |
| ६ | ० | ०% | ९ | ६९% | ० | ०% | ४ | ३१% | १३ | ० | ०% | १० | ५०% | ० | ०% | १० | ५०% | २० | ३३ |
| ७ | ० | ०% | ९ | ६०% | ० | ०% | ६ | ४०% | १५ | ० | ०% | ५ | ३८% | ० | ०% | ८ | ६२% | १३ | २८ |
| ८ | ० | ०% | १५ | ७१% | ० | ०% | ६ | २९% | २१ | ० | ०% | १२ | ४६% | १ | ४% | १३ | ५०% | २६ | ४७ |
| ९ | ० | ०% | २५ | ७६% | ० | ०% | ८ | २४% | ३३ | १ | २% | २५ | ४५% | ० | ०% | २९ | ५३% | ५५ | ८८ |
| जम्मा | ० | ०% | ९४ | ७०% | ० | ०% | ४० | ३०% | १३४ | १ | १% | ९० | ४५% | १ | १% | १०७ | ५४% | १९९ | ३३३ |

यो एक वर्षको अवधिमा जम्मा भएका विवाहहरु मध्ये २ वटा विवाहहरु अभिभावकको अगुवाईमा गरिएको र बाँकी ३३१ वटा विवाहहरु केटा वा केटी आफ्नै पहलमा गरिएको देखिन्छ । त्यसैगरी बालविवाह भएका जम्मा विवाहहरु शतप्रतिशत नै बालबालिकाको




आफ्नै इच्छा र पहल ले गरेको पाईयो । आफैले गरेको १३४ बाल विवाह मध्ये ९४ जना (७०% ) महिलाको र बाकी ४० जना ( ३०%) पुरुषहरुले आफ्नै इच्छा वा पहलले गरेको पाईयो । आफ्नै इच्छाले विवाह गरेको बाल विवाहको महिला तथा पुरुषहरुको हकमा वडागत विवरण माथिको तालिका मा देखाइएको छ ।




नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner


नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

### ३.२.६ बिवाह दर्ताको चलन

**२० वर्ष पारीको विवाहहरुको वडागत तथा लैङ्गिक अनुसार बिवाह दर्ता विवरण**

| | विवाह दर्ता भएको | | | | | | विवाह दर्ता नभएको | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | जम्मा |
| १ | | ०% | | ०% | ० | ०% | २ | २९% | ५ | ७१% | ७ | १००% | ७ |
| २ | | ०% | | ०% | ० | ०% | ६ | ४६% | ७ | ५४% | १३ | १००% | १३ |
| ३ | ७ | ४१% | ७ | ४१% | १४ | ८२% | १ | ६% | २ | १२% | ३ | १८% | १७ |
| ४ | ४ | १२% | ४ | १२% | ८ | २४% | १२ | ३५% | १४ | ४१% | २६ | ७६% | ३४ |
| ५ | २ | १४% | २ | १४% | ४ | २९% | ४ | २९% | ६ | ४३% | १० | ७१% | १४ |
| ६ | १ | ५% | १ | ५% | २ | १०% | ९ | ४५% | ९ | ४५% | १८ | ९०% | २० |
| ७ | ३ | २३% | ३ | २३% | ६ | ४६% | २ | १५% | ५ | ३८% | ७ | ५४% | १३ |
| ८ | ४ | १५% | ६ | २३% | १० | ३८% | ८ | ३१% | ८ | ३१% | १६ | ६२% | २६ |
| ९ | | ०% | | ०% | ० | ०% | २६ | ४७% | २९ | ५३% | ५५ | १००% | ५५ |
| **जम्मा** | **२१** | **११%** | **२३** | **१२%** | **४४** | **२२%** | **७०** | **३५%** | **८५** | **४३%** | **१५५** | **७८%** | **१९९** |

जम्मा विवाह भएकाहरु ३३३ मध्ये २० वर्ष उमेर पछि विवाह भएको जम्मा १९९ विवाहित मध्ये ४४ जना (१३%) ले मात्रै विवाह दर्ता गराएको पाइयो भने १५५ जना (७८%) ले विवाह दर्ता नगरेको देखिन्छ। दर्ता भएका ४४ जनाहरुमध्ये महिला २१ र पुरुष २३ जना रहेको देखिन्छ। त्यसैगरि विवाह दर्ता नभएका १५५ जना मध्ये ७० महिला र ८५ पुरुषले विवाह दर्ता नगरेको देखिन्छ।




वडागत रुपमा विवाह दर्ता भए नभएको डाटा हेर्दा सबै भन्दा बढी विवाह दर्ता गरीएको वडा नम्बरहरुमा वडानं. ३, ७, ८ रहेको छ। भने कम विवाह दर्ता गर्ने वडानं १, २, ९, ६, ५ र ४ रहेको पाईन्छ। उक्त तथ्यांकले यस नरहरिनाथ गाउँपालिकामा महिला र पुरुष दुवै समूहमा विवाह दर्ता

०८१/०१/२३
नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner


गर्ने चलन कम रहेको पाईयो यसर्थ बिवाह दर्ताको महत्वको विषयमा समुदायमा जनचेतना जगाउनु जरुरी देखियो । वडागत रुपमा भएको विवाहको दर्ता सम्बन्धी विवरण निम्न तालिकामा देखाईएको छ ।

### ३.२.७ बिवाह अधि र बिवाह पछिको शैक्षिक अवस्था

**जम्मा विवाह भएका मध्ये बिवाह अधि र बिवाह पछिको शैक्षिक अवस्था**

| वडा नम्बर | बिवाह पूर्व बिध्यालयमा रहेका | | | | | | | | | बिवाह पश्चात बिध्यालयमा रहेका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | | आधारभूत तहसम्म | | माध्यामिक तहसम्म | | स्नातक तह वा सो भन्दा माथि | | जम्मा | पढाई छाडेका | | आधारभूत तहसम्म | | माध्यामिक तहसम्म | | स्नातक तह वा सो भन्दा माथि | | जम्मा |
| १ | | 0% | ६ | २७% | १६ | ७३% | | 0% | २२ | १ | ५% | २ | ९% | १८ | ८२% | १ | ५% | २२ |
| २ | | 0% | ३ | १३% | २१ | ८८% | | 0% | २४ | ५ | २१% | १ | ४% | १८ | ७५% | | 0% | २४ |
| ३ | | 0% | | 0% | २१ | ९५% | १ | ५% | २२ | | 0% | | 0% | १६ | ७३% | ६ | २७% | २२ |
| ४ | २ | ६% | ५ | १४% | २५ | ६९% | ४ | ११% | ३६ | १ | ३% | ४ | १२% | २५ | ७४% | ४ | १२% | ३४ |
| ५ | | 0% | ३ | ९% | २९ | ८८% | १ | ३% | ३३ | | 0% | ३ | ९% | २९ | ८८% | १ | ३% | ३३ |
| ६ | | 0% | ९ | २७% | २२ | ६७% | २ | ६% | ३३ | | 0% | ९ | २७% | २० | ६१% | ४ | १२% | ३३ |
| ७ | | 0% | ९ | ३२% | १९ | ६८% | | 0% | २८ | | 0% | ९ | ३२% | १९ | ६८% | | 0% | २८ |
| ८ | | 0% | ७ | १५% | ३७ | ७९% | ३ | ६% | ४७ | | 0% | ५ | ११% | ३३ | ७०% | ९ | १९% | ४७ |
| ९ | | 0% | ४८ | ५५% | ४० | ४५% | | 0% | ८८ | १ | १% | ४७ | ५३% | ४० | ४५% | | 0% | ८८ |
| जम्मा | २ | १% | ९० | २७% | २३० | ६९% | ११ | ३% | ३३३ | ८ | २% | ८० | २४% | २१८ | ६६% | २५ | ८% | ३३१ |

यस सर्वेक्षण अनुसार गत एक बर्षमा भएका जम्मा विवाह हरु ३३३ मध्ये २ जना निरक्षर रहेको देखिएको छ । विवाह अधि कुनै न कुनै तहको पढाईमा उतिर्ण गरेकाहरु ३३१ जना मध्ये आधारभुत तहमा ९० जना (२७%), माध्यामिक तहमा २३० जना (६९%) र स्नतक वा सो भन्दा माथि अध्ययन गरेका ११ जना (३%) रहेका थिए । भने उक्त ३३१ जना मध्ये विवाह पश्चात ८० जनाले आधारभुत तह, २१८ जनाले माध्यामिक तह र २५ जनाले स्नातक वा सो भन्दा माथी) अध्ययन गरिरहेको देखिन्छ । भने ८ जना (२%) ले (वडानं १ मा १ जना र वडानं. २ मा ५ जना, वडानं. ४ मा १ जना र वडानं. ९ मा १ जनाले) पढाई छोडेको देखिन्छ । जुन वडागत विवरण माथिको तालिका मा देखाईएको छ ।




नगेन्द्र बहादुर विष्ट
अध्यक्ष




Scanned with CamScanner

श्री नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| बालविवाह भएका मध्ये बिवाह अघि र बिवाह पछिको शैक्षिक अवस्था | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिवाह पूर्व बिध्यालयमा रहेका | | | | | | | | | बिवाह पश्चात बिध्यालयमा रहेका | | | | | | | | |
| वडानं | निरक्षर | | आधारभूत तहसम्म | | माध्यामिक तहसम्म | | स्नातक तह वा सो भन्दा माथि | | जम्मा | पढाई छाडेका | | आधारभूत तहसम्म | | माध्यामिक तहसम्म | | स्नातक तह वा सो भन्दा माथि | | जम्मा |
| १ | ० | ०% | ४ | २७% | ११ | ७३% | ० | ०% | १५ | ० | ०% | १ | ७% | १३ | ८७% | १ | ७% | १५ |
| २ | ० | ०% | १ | ९% | १० | ९१% | ० | ०% | ११ | १ | ९% | १ | ९% | ९ | ८२% | ० | ०% | ११ |
| ३ | ० | ०% | ० | ०% | ५ | १००% | ० | ०% | ५ | ० | ०% | ० | ०% | ५ | १००% | ० | ०% | ५ |
| ४ | १ | ५०% | ० | ०% | १ | ५०% | ० | ०% | २ | ० | ०% | ० | ०% | १ | १००% | ० | ०% | १ |
| ५ | ० | ०% | १ | ५% | १८ | ९५% | ० | ०% | १९ | ० | ०% | १ | ५% | १८ | ९५% | ० | ०% | १९ |
| ६ | ० | ०% | ३ | २३% | १० | ७७% | ० | ०% | १३ | ० | ०% | ३ | २३% | १० | ७७% | ० | ०% | १३ |
| ७ | ० | ०% | ३ | २०% | १२ | ८०% | ० | ०% | १५ | ० | ०% | ३ | २०% | १२ | ८०% | ० | ०% | १५ |
| ८ | ० | ०% | ४ | १९% | १७ | ८१% | ० | ०% | २१ | ० | ०% | २ | १०% | १७ | ८१% | २ | १०% | २१ |
| ९ | ० | ०% | २१ | ६४% | १२ | ३६% | ० | ०% | ३३ | १ | ३% | १९ | ५८% | १३ | ३९% | ० | ०% | ३३ |
| जम्मा | १ | १% | ३७ | २८% | ९६ | ७२% | ० | ०% | १३४ | २ | २% | ३० | २३% | ९८ | ७४% | ३ | २% | १३३ |

त्यसैगरी जम्मा भएको ३३३ विवाह मध्ये भएका १३४ बालविवाह मा विवाह पुर्व आधारभुत तहमा ३७ जना र माध्यामिक तहमा ९६ जना ले उतिर्ण गरेको पाईयो । भने विवाह पश्चात ३० जना आधारभूत तहमा ९८ जना माध्यामिक तहमा र ३ जना स्नातक वा सो भन्दा माथिको अध्ययन नियमित गरिरहेको देखिन्छ तर बालविवाह पश्चात २ जना ले अध्ययन छोडेको पाइयो । साथै तहगत रुपमा हेर्ने हो भने माध्यामिक तह अध्ययनरत गरीरहेका बालबालिकाहरुको बढी बालविवाह हुने गरेको सर्वेक्षण मा देखिन्छ । जस्तै बालविवाह गरेका र कुनै न कुनै तहमा अध्ययन गरीरहेका १३३ जना मध्ये सबैभन्दा बढी ७१ प्रतिशत बालविवाह माध्यामिक तहमा भएको छ । वडागत विवरण निम्न तालिकामा प्रस्तुत गरीएको छ ।




## विवाह हुँदाको शैक्षिक अवस्थाको विवरण

| बिवाह हुँदाको शैक्षिक अवस्थाको विवरण | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नम्बर | २० वर्ष मुनि भएका विवाह | | | | | | | | | | २० वर्ष पारि भएका विवाह | | | | | | | | | | जम्मा |
| | कहिलै बिध्यालय नगएको | | आधारभूत तहसम्म | | माध्यामिक तहसम्म | | स्नातक तह वा सो भन्दा माथि | | जम्मा | | कहिलै बिध्यालय नगएको | | आधारभूत तहसम्म | | माध्यामिक तहसम्म | | स्नातक तह वा सो भन्दा माथि | | जम्मा | | |
| १ | ० | ०% | ४ | २७% | ११ | ७३% | ० | ०% | १५ | ६८% | ० | ०% | २ | २९% | ५ | ७१% | ० | ०% | ७ | ३२% | २२ |

०९।०९।२५
नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका
कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ० | ०% | १ | ९% | १० | ९१% | ० | ०% | ११ | ४६% | ० | ०% | २ | १५% | ११ | ८५% | ० | ०% | १३ | ५४% | २४ |
| ३ | ० | ०% | ० | ०% | ५ | १००% | ० | ०% | ५ | २३% | ० | ०% | ० | ०% | १६ | ९४% | १ | ६% | १७ | ७७% | २२ |
| ४ | १ | ५०% | ० | ०% | १ | ५०% | ० | ०% | २ | ६% | १ | ३% | ५ | १५% | २४ | ७१% | ४ | १२% | ३४ | ९४% | ३६ |
| ५ | ० | ०% | १ | ५% | १८ | ९५% | ० | ०% | १९ | ५८% | ० | ०% | २ | १४% | ११ | ७९% | १ | ७% | १४ | ४२% | ३३ |
| ६ | ० | ०% | ३ | २३% | १० | ७७% | ० | ०% | १३ | ३९% | ० | ०% | ६ | ३०% | १२ | ६०% | २ | १०% | २० | ६१% | ३३ |
| ७ | ० | ०% | ३ | २०% | १२ | ८०% | ० | ०% | १५ | ५४% | ० | ०% | ६ | ४६% | ७ | ५४% | ० | ०% | १३ | ४६% | २८ |
| ८ | ० | ०% | ४ | १९% | १७ | ८१% | ० | ०% | २१ | ४५% | ० | ०% | ३ | १२% | २० | ७७% | ३ | १२% | २६ | ५५% | ४७ |
| ९ | ० | ०% | २१ | ६४% | १२ | ३६% | ० | ०% | ३३ | ३८% | ० | ०% | २७ | ४९% | २८ | ५१% | ० | ०% | ५५ | ६३% | ८८ |
| जम्मा | १ | १% | ३७ | २८% | ९६ | ७२% | ० | ## | १३४ | ४०% | १ | १% | ५३ | २७% | १३४ | ६७% | ११ | ६% | १९९ | ६०% | ३३३ |

सर्वेक्षण अनुसार माथि दिइएको तालिकामा हेर्दा नरहरीनाथ गाँउपालिकाको सन् २०२३ मा बाल बिवाह भएको १३४ जना वा ४० प्रतिशत मध्ये अधिकतम ७२ प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने २८ प्रतिशत आधारभूत तहसम्म र बाँकी १ प्रतिशत विध्यालय नगएकाहरुमा बाल बिवाह भएको पाईयो । त्यसैगरि २० वर्ष माथि उमेरको बिवाह मध्ये अधिकतम ६७ प्रतिशत बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने २७ प्रतिशत आधारभूत तहसम्म, ६ प्रतिशत स्नातक वा सो भन्दा माथि अध्ययन गरेका र १ प्रतिशत विध्यालय नगएकाहरुमा बिवाह भएको पाईयो । वडागत विस्तृत विवरण माथि तालिकामा दिईएको छ ।

### ३.२.८ बिवाह तथा गर्भावस्थाको विवरण

२० वर्ष मुनि र २० वर्ष पारी भएबको बिवाह तथा गर्भावस्याको विवरण

| वडा नम्बर | २० वर्ष मुनि भएका विवाह | | | | | | २० वर्ष पारि भएका विवाह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्भावस्था भएको | | गर्भावस्था नभएको | | जम्मा | | गर्भावस्था भएको | | गर्भावस्था नभएको | | जम्मा | | |
| १ | ० | ०% | १२ | १००% | १२ | ८६% | ० | ०% | २ | १००% | २ | १४% | १४ |
| २ | १ | १४% | ६ | ८६% | ७ | ५४% | १ | १७% | ५ | ८३% | ६ | ४६% | १३ |
| ३ | ० | ०% | ३ | १००% | ३ | २७% | १ | १३% | ७ | ८८% | ८ | ७३% | ११ |
| ४ | ० | ०% | २ | १००% | २ | ११% | ५ | ३१% | ११ | ६९% | १६ | ८९% | १८ |
| ५ | १ | ८% | ११ | ९२% | १२ | ६७% | ० | ०% | ६ | १००% | ६ | ३३% | १८ |
| ६ | १ | ११% | ८ | ८९% | ९ | ४७% | १ | १०% | ९ | ९०% | १० | ५३% | १९ |
| ७ | ४ | ४४% | ५ | ५६% | ९ | ६४% | २ | ४०% | ३ | ६०% | ५ | ३६% | १४ |
| ८ | १ | ७% | १४ | ९३% | १५ | ५६% | २ | १७% | १० | ८३% | १२ | ४४% | २७ |
| ९ | २ | ८% | २३ | ९२% | २५ | ४९% | १ | ४% | २५ | ९६% | २६ | ५१% | ५१ |
| जम्मा | १० | ११% | ८४ | ८९% | ९४ | ५१% | १३ | १४% | ७८ | ८६% | ९१ | ४९% | १८५ |

उपरोक्त तालिका अनुसार सन् २०२३ मा बिवाह भएका सम्पूर्ण महिलाहरु मध्ये १२ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये ११ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ । बालविवाहको हकमा, सबैभन्दा वढि वडा नं. ७ मा ९ वटा बालविवाह मध्ये ४ जना (४४%) गर्भवती



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

भएको देखिन्छ । वडागत रुपमा विवाह वा बालविवाह अघि र पछी गर्भवती भएका महिलाहरुको थप विवरण उपरोक्त तालिकामा उल्लेख गरीएको छ ।

### ३.२.९ बाल बिवाहका कारणहरू

उत्तरदाताहरुको जानकारी अनुसार बाल बिवाहका कारणहरू सम्वन्धी जानकारी

| वडा नम्वर | सामाजिक परम्परा | % | गरीबि | % | उमेर सँग सँगै वाईजो बढ्ने | % | राम्रो परिवारको प्रस्ताव आएकोले | % | आफैंप्रेम सम्बन्ध भएर | % | साथिहरुको लहलहैमा लागेर | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ९ | ६४% | २ | १४% | ० | ०% | ० | ०% | ६ | ४३% | ७ | ५०% | १४ |
| वडा न-२ | ११ | ८५% | ३ | २३% | १ | ८% | ० | ०% | ३ | २३% | ९ | ६९% | १३ |
| वडा न-३ | १ | ९% | ९ | ८२% | ० | ०% | ० | ०% | ४ | ३६% | ४ | ३६% | ११ |
| वडा न-४ | १८ | १००% | १८ | १००% | १८ | १००% | ९ | ५०% | १८ | १००% | १३ | ७२% | १८ |
| वडा न-५ | १८ | १००% | २ | ११% | १ | ६% | ० | ०% | १४ | ७८% | १३ | ७२% | १८ |
| वडा न-६ | ० | ०% | २ | ११% | ० | ०% | ० | ०% | १७ | ९४% | १५ | ८३% | १८ |
| वडा न-७ | १० | ७७% | ११ | ८५% | ११ | ८५% | ८ | ६२% | ९ | ६९% | १० | ७७% | १३ |
| वडा न-८ | ७ | २७% | १७ | ६५% | १ | ४% | ० | ०% | १२ | ४६% | ३ | १२% | २६ |
| वडा न-९ | १४ | २९% | ४७ | ९६% | ५ | १०% | १ | २% | ३१ | ६३% | २० | ४१% | ४९ |
| जम्मा | ८८ | ४९% | १११ | ६२% | ३७ | २१% | १८ | १०% | ११४ | ६३% | ९४ | ५२% | १८० |

उत्तरदाताहरुको जानकारी अनुसार बाल बिवाहका कारणहरू सम्वन्धी जानकारी

| वडा नम्वर | अपांगता भएकाले | % | सामाजिक संजालको प्रयोगले | % | यौनहिंसा वा बलात्कार हुन्छ भन्ने डरले | % | सचेतना नभएर | % | सचेतना नभएर | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ० | ०% | १० | ७१% | ० | ०% | ० | ०% | ० | ०% | १४ |
| वडा न-२ | ० | ०% | ६ | ४६% | ० | ०% | १ | ८% | ० | ०% | १३ |
| वडा न-३ | ० | ०% | ३ | २७% | ० | ०% | ७ | ६४% | ० | ०% | ११ |
| वडा न-४ | ४ | २२% | ६ | ३३% | ७ | ३९% | ४ | २२% | ३ | १७% | १८ |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १८ |
| वडा न-६ | ० | ०% | ९ | ५०% | ० | ०% | ० | ०% | ० | ०% | १८ |
| वडा न-७ | ४ | ३१% | ४ | ३१% | ३ | २३% | २ | १५% | १ | ८% | १३ |
| वडा न-८ | ० | ०% | ६ | २३% | ० | ०% | ० | ०% | ० | ०% | २६ |
| वडा न-९ | ० | ०% | १ | २% | ० | ०% | १ | २% | ० | ०% | ४९ |
| जम्मा | ८ | ४% | ४५ | २५% | १० | ६% | १५ | ८% | ४ | २% | १८० |

उपरोक्त तालिका मा नरहरिनाथ गाँउपालिकामा बिवाह भएका घरधुरीका १८० उत्तरदातालाई समुदायमा हाल पनि बाल बिबाहले किन निरन्तरता पाई रहेको छ भनि कारणहरु बारे जान्न खोज्दा सवैभन्दा बढी ११४ जना वा ६३ प्रतिशत उत्तरदाताहरुले अहिले आफै प्रेम सम्बन्ध बनाएर भागेर बिवाह गर्ने गरेको चलन बढेको बताएका थिए भने १११ जना वा ६२ प्रतिशत ले गरिबी पनि अर्को



०९१/०९/२५
नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

बाल बिवाहका मुख्य कारणहरु रहेको बताएको पाइयो । उत्तरदाताहरु अनुसार ९४ जना वा ५२ प्रतिशत शाथीहरुको लहैलहैमा लागेर पनि यसपालिकामा बालविवाह हुने गरेको बताएका छन् । त्यसैगरी ४९ प्रतिशतले समाजिक परम्पराको कारणले गर्दा ४५ जना वा २५ प्रतिशतले अहिलेको सामाजिक संजालको प्रयोगले गर्दा पनि बाल बिवाह गर्दिने वा हुने गरेको जवाफ दिएको पाईयो । वडागत रुपमा उत्तरदाताले दिएको जवाफ अन्तरगतका विभिन्न कारण हरु को विवरण उपरोक्त तालिकामा विस्तृत रुपमा देखाईएको छ ।

***नोटः यो प्रश्नको लागि बहुउत्तर छनौट गर्ने विकल्पहरु थियो, उत्तरदाताहरुले एकभन्दा बढी कारणहरु छनौट गरेको तथ्यांङ्ग माथिको तालिकामा प्रस्तुत गरिएको छ । एकभन्दा बढी कारणहरु छनौट गर्न पाउने विकल्प भएको कारण जम्मा संख्या मिल्दैन ।***

## ३.२.१० बाल बिवाहको अन्त्य गर्न सम्भावित उपायहरु

**बाल बिवाह अन्त्यका लागि सम्भावित उपायहरु**

| वडा नम्बर | बलबालिकाहरु मा चेतनाका जगाएर | % | अभिभावकहरु मा चेतनाका जगाएर | % | कडा कानूनी व्यवस्था लगाएर | % | अनिवार्य शिक्षाको माध्यमबाट | % | बाल क्लब तथा संरक्षण समितिहरुको सहभागिताले | % | मिडियाको माध्यमबाट जनचेतना फैलाएर | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | ५0% | ५ | ३६% | २ | १४% | ४ | २९% | १ | ७% | १ | ७% | १४ |
| २ | ७ | ५४% | १0 | ७७% | 0 | 0% | ३ | २३% | ६ | ४६% | १ | ८% | १३ |
| ३ | ३ | २७% | ४ | ३६% | ८ | ७३% | ८ | ७३% | १ | ९% | 0 | 0% | ११ |
| ४ | १८ | १00% | १८ | १00% | १८ | १00% | १८ | १00% | १३ | ७२% | २ | ११% | १८ |
| ५ | १५ | ८३% | १५ | ८३% | २ | ११% | 0 | 0% | 0 | 0% | 0 | 0% | १८ |
| ६ | १६ | ८९% | १७ | ९४% | ४ | २२% | 0 | 0% | १ | ६% | २ | ११% | १८ |
| ७ | १२ | ९२% | १३ | १00% | १२ | ९२% | १२ | ९२% | ११ | ८५% | १0 | ७७% | १३ |
| ८ | ८ | ३१% | ८ | ३१% | २१ | ८१% | १0 | ३८% | १ | ४% | १ | ४% | २६ |
| ९ | ३३ | ६७% | ३९ | ८0% | ३५ | ७१% | २१ | ४३% | ४ | ८% | १ | २% | ४९ |
| जम्मा | ११९ | ६६% | १२९ | ७२% | १0२ | ५७% | ७६ | ४२% | ३८ | २१% | १८ | १0% | १८0 |

***बाल बिवाह अन्त्यका लागि सम्भावित उपायहरु***

| वडा नम्बर | आय आर्जनको अवसर सृजना गरेर | % | रोजगारीको अवसर सृजना गरेर | % | उच्च शिक्षाको अवसर सृजना गरेर | % | व्यवसायिक शिक्षाको अवसर सृजना गरेर | % | लागु औषध नियन्त्रण गरेर | % | सडक नाटक को माध्यमबाट | % | यौन तथा प्रजनन स्वस्थ बारे जानकारी दिएर | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | ४३% | १0 | ७१% | ८ | ५७% | ३ | २१% | 0 | 0% | 0 | 0% | १ | ७% | १४ |
| २ | 0 | 0% | १ | ८% | १ | ८% | १ | ८% | 0 | 0% | 0 | 0% | 0 | 0% | १३ |
| ३ | 0 | 0% | ८ | ७३% | ६ | ५५% | १ | ९% | 0 | 0% | 0 | 0% | 0 | 0% | ११ |
| ४ | 0 | 0% | 0 | 0% | 0 | 0% | 0 | 0% | 0 | 0% | 0 | 0% | 0 | 0% | १८ |
| ५ | 0 | 0% | १ | ६% | १ | ६% | 0 | 0% | 0 | 0% | १ | ६% | 0 | 0% | १८ |



०९१/०१/२३ नगेन्द्र बहादुर विष्ट अध्यक्ष

Scanned with CamScanner

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ० | ०% | २ | ११% | १ | ६% | १ | ६% | ० | ०% | ० | ०% | ० | ०% | १८ |
| ७ | १ | ८% | १ | ८% | १ | ८% | १ | ८% | १ | ८% | १ | ८% | १ | ८% | १३ |
| ८ | २ | ८% | २ | ८% | २ | ८% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | २६ |
| ९ | ३ | ६% | ९ | १८% | ० | ०% | २ | ४% | ० | ०% | ० | ०% | ० | ०% | ४९ |
| जम्मा | १२ | ७% | ३४ | १९% | २० | ११% | ९ | ५% | १ | १% | २ | १% | २ | १% | १८० |

समुदायमा बाल बिवाह अन्त्य वा रोकथाम गर्ने उपायहरुबारे बिवाह भएका १८० घरधुरीहरुमा यस नरहरीनाथ गाँउपालिकाका उत्तरदाताहरुसँग हाल पनि बाल बिबाहले निरन्तरता पाई रहेको अवस्थामा यसलाई कसरी हटाउन वा बाल बिवाह कसरी अन्त्य गर्न सकिन्छ भनि कारणहरु सोध्दा सबैभन्दा बढी ७२ प्रतिशत उत्तरहरु अभिभावकहरुमा सचेतना जगाएर, भन्ने आएको छ । भने ६६ प्रतिशत उत्तरहरु स्वएं बालबालिकाहरुलाई नै सचेतना जगाएर, ५७ प्रतिशत उत्तरहरु कडा कानुनी व्यवस्था लागु गरेर ४२ प्रतिशत ले अनिवार्य शिक्षाको माध्यमबाट बाल वालिकाहरुलाई सचेत गराइ र शिक्षामा पहुँच बढाइ बाल विवाहको चलन अन्त्य गर्न सकिन्छ भनेर जवाफ दिएका छन् भने २१ प्रतिशतले बालसंरक्षण संयन्त्रको सक्रियता बढाएर र १९ प्रतिशतले रोजगारीको अवसर श्रृजना गरेर यस समुदायमा रहेको बाल बिबाहको चलन अन्त्य गर्न सकिन्छ भन्ने उत्तर दिनुभयो । वडागतको विस्तृत विवरण उपरोक्त तालिकामा प्रस्तुत गरिएको छ ।

*नोटः यो प्रश्नको लागि बहुउत्तर छनौट गर्ने विकल्पहरु थियो, उत्तरदाताहरुले एकभन्दा बढी कारणहरु छनौट गरेको तथ्यांङ्ग माथिको तालिकामा प्रस्तुत गरिएको छ । एकभन्दा बढी कारणहरु छनौट गर्न पाउने विकल्प भएको कारण जम्मा संख्या मिल्दैन ।*

### ३.२.११ बाल बिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी

**बाल बिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी**

| वडा | विद्यालय जान छुट्ने | % | स्वास्थ्य सम्बन्धी समस्या | % | छिटै गर्भवति हुने | % | सामाजिक कार्यक्रममा सहभागिता घट्ने | % | बाहिर आवतजावत तथा कमि | % | मानसिक स्वास्थ्यमा समस्या | % | आर्थिक समस्या | % | काम तथा जिम्मेवारी बढ्ने | % | पारिवारिक कलह | % | वैवाहिक हिंसा | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११ | ७९% | ७ | ५०% | १२ | ८६% | १ | ७% | २ | १४% | | ०% | | ०% | ९ | ६४% | ५ | ३६% | | ०% | १४ |
| २ | १ | ८% | १२ | ९२% | ११ | ८५% | ३ | २३% | | ०% | ३ | २३% | | ०% | २ | १५% | | ०% | | ०% | १३ |
| ३ | ७ | ६४% | १० | ९१% | ७ | ६४% | | ०% | १ | ९% | २ | १८% | | ०% | १ | ९% | | ०% | | ०% | ११ |
| ४ | १७ | ९४% | १८ | १००% | १८ | १००% | १७ | ९४% | ११ | ६१% | २ | ११% | १ | ६% | १ | ६% | १ | ६% | १ | ६% | १८ |
| ५ | १० | ५६% | १६ | ८९% | १५ | ८३% | १ | ६% | ६ | ३३% | ९ | ५०% | | ०% | ४ | २२% | ४ | २२% | | ०% | १८ |
| ६ | १ | ६% | १८ | १००% | | ०% | | ०% | ९ | ५०% | १० | ५६% | ३ | १७% | १० | ५६% | | ०% | | ०% | १८ |
| ७ | १२ | ९२% | १२ | ९२% | १३ | १००% | १२ | ९२% | १२ | ९२% | ११ | ८५% | ४ | ३१% | ३ | २३% | ३ | २३% | २ | १५% | १३ |
| ८ | १७ | ६५% | २१ | ८१% | १६ | ६२% | ४ | १५% | ३ | १२% | ३ | १२% | ३ | १२% | २ | ८% | १ | ४% | १ | ४% | २६ |
| ९ | ३१ | ६३% | ३२ | ६५% | ३९ | ८०% | १० | २०% | ७ | १४% | ४ | ८% | ८ | १६% | २ | ४% | २ | ४% | १ | २% | ४९ |
| जम्मा | १०७ | ५९% | १४६ | ८१% | १३१ | ७३% | ४८ | २७% | ४१ | २८% | ४४ | २४% | १९ | ११% | ३४ | १९% | १६ | ९% | ५ | ३% | १८० |

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

यस नरहरीनाथ गाँउपालिकाको विभिन्न वडाहरुमा एक बर्ष भित्र बिवाह भएका १८० घरधुरीका उत्तरदातालाई बाल बिबाहको कारणले पर्ने नकारात्मक असरहरुबारे उत्तरदाताहरुको बुझाइ जान्न बाल बिबाहले गर्दा के कस्ता नकारात्मक असरहरु पाछ्र भन्ने प्रश्न सोधिएको थियो । जसमा सबै भन्दा बढी ८१ प्रतिशतले कम उमेरमा विवाह गर्दा स्वास्थ्य सम्बन्धी समस्या आउने बताएका थिए । भने ७३ प्रतिशतले छिटो गर्भवती हुने र बच्चा जन्मिने उत्तर दिएका थिए, ५९ प्रतिशतले बालबालिकाहरुको पढाइ छुट्ने, बालबालिकाहरु बिध्यालय जान छोड्ने उत्तर दिएका थिए । यसबाट के अनुमान गर्न सकिन्छ भने, उत्तरदाताहरुको बाल बिबाहले पर्ने नकारात्मक असरहरुबारे राम्रो जानकारी रहेको पाइयो तर पनि बालविवाह र कम उमेरमा हुने विवाह अझ पनि समुदायमा निरन्तर नै रहेको छ । उपरोक्त तालिकामा वडागत रुपमा बाल बिबाहको कारणले पर्ने नकारात्मक असरहरुबारे विस्तृत विवरण प्रस्तूत गरिएको छ ।

### ३.२.१२ बाल बिवाहको कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी

बाल बिवाहको कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकार

| वडा | २० वर्ष भन्दा पहिले विवाह गर्नु वा गराउनुहुदैन | % | विवाह स्वतः रद्द हुनेछ | % | विवाह दर्ता हुदैन | % | तीन वर्ष कैद र तीस हजार रु. सम्म जरिवाना | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | ४ | २९% | ० | ०% | १० | ७१% | १४ | १००% | १४ |
| वडा नं. २ | १ | ८% | ८ | ६२% | ११ | ८५% | ० | ०% | १३ |
| वडा नं. ३ | ४ | ३६% | १ | ९% | ११ | १००% | ० | ०% | ११ |
| वडा नं. ४ | १८ | १००% | १८ | १००% | १८ | १००% | १६ | ८९% | १८ |
| वडा नं. ५ | ६ | ३३% | ४ | २२% | १ | ६% | ० | ०% | १८ |
| वडा नं. ६ | १७ | ९४% | ० | ०% | १६ | ८९% | ४ | २२% | १८ |
| वडा नं. ७ | १२ | ९२% | ११ | ८५% | ११ | ८५% | ११ | ८५% | १३ |
| वडा नं. ८ | ७ | २७% | १३ | ५०% | २२ | ८५% | १० | ३८% | २६ |
| वडा नं. ९ | १५ | ३१% | ४३ | ८८% | ४९ | १००% | २६ | ५३% | ४९ |
| **जम्मा** | ८४ | ४७% | ९८ | ५४% | १४९ | ८३% | ८१ | ४५% | १८० |

माथिको तालिकामा एक वर्ष भित्र विवाह भएका घरधुरीका उत्तरदातालाई बाल विवाह सम्बन्धि कानूनी प्राबधान र व्यवस्थाको बारेमा सोधिएको थियो । जसमा सबै भन्दा बढी ८३ प्रतिशत उत्तरदाताहरुले बिवाह दर्ता नहुने जनाएका थिए, त्यसैगरि ५४ प्रतिशतले बिवाह स्वतः वदर हुने ४७ प्रतिशत उत्तरदाताहरुले २० वर्ष भन्दा पहिले विवाह गर्नु वा गराउनुहुदैन र ४५ प्रतिशत उत्तरदाताहरुले गर्ने र गराउने दुवैलाइ तीन वर्ष सम्मा कैद र तीस हजार रुपैया सम्म जरिवाना हुन्छ भनेर उत्तर दिएका थिए । यसबाट प्रष्ट हुन्छ कि उत्तरदाताहरुलाई बालविवाह सम्बन्धि कानूनी प्रावधाहरुबारे धेरै जसो लाई जानकारी रहेको देखिन्छ । यो प्रश्नको उत्तर बहुउत्तरमा आधारित विश्लेषण हो भने उक्त तालिका मा वडागत रुपमा विस्तृत विवरण दिईएको छ ।

०८१/०९/२२
नगेन्द्र बहादुर विष्ट
अध्यक्ष





Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

*नोटः यो प्रश्नको लागि बहुउत्तर छनौट गर्ने विकल्पहरु थियो, उत्तरदाताहरुले एकभन्दा बढी कारणहरु छनौट गरेको तथ्यांङ्क माथिको तालिकामा प्रस्तूत गरिएको छ । एकभन्दा बढी कारणहरु छनौट गर्न पाउने विकल्प भएको कारण जम्मा संख्या मिल्दैन ।*

**बालबिवाहको चारैवटा कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी**




बालविवाह सम्बन्धि कानूनी प्रावधान र व्यवस्थाको बारेमा कुल १८० उत्तरदाता मध्ये मात्र ३६६ जना ( २०%) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो । ३ वटामात्र प्रावधान थाहा भएको ३१ जना, २ वटा मात्रै जानकार भएको ७७ १ वटा मात्रै जानकार भएको २१ जना र कुनैपनि प्रावधानको बारेमा जानकार नभएको १५ जना रहेको छ । यसरी हेर्दा अधिकांश लाई बाल विवाहको कानुनी प्रावधान तथा परिणाम को बारेमा जानकारी भएको देखिदैन । वडागत रुपमा हेर्ने हो भने वडा नम्वर ४ मा सबैभन्दा बढी १६ जनालाई, ७ मा ११, ९ मा ७ जनालाई र ८ मा २ जनालाई मात्र ४ वटै प्रावधानको बारेमा जानकारी भएको पाईयो ।  यसर्थ बालविवाहका सबै कानुनी प्रावधानहरूका सम्बन्धमा समुदायका मानिसहरूलाई चेतना जगाउनु पर्ने देखिन्छ । थप वडागत विवरण माथीको तालिकाहरुमा प्रस्तुत गरीएको छ ।

**३.२.१३ बाल बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान**

**बाल बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान**

| वडा नम्बर | बाल अधिकार समिती | % | पालिका तथा वडा कार्यालय | % | निगरानी समूह | % | पुलिस | % | बाल हेल्पलाईन | % | थाहा छैन | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | ४३% | १४ | १०० % | ० | ०% | १४ | १०० % | ० | ०% | ० | ०% | १४ |
| २ | ५ | ३८% | १२ | ९२% | ० | ०% | ० | ०% | २ | १५% | १ | ८% | १३ |
| ३ | ० | ०% | १० | ९१% | ० | ०% | १० | ९१% | ० | ०% | ० | ०% | ११ |



०९/०१/२२
नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | १७ | ९४ % | १८ | १०० % | १८ | १०० % | १५ | ८३% | १० | ५६% | ० | ०% | १८ |
| ५ | २ | ११% | ९ | ५०% | ० | ०% | ७ | ३९% | ० | ०% | ९ | ५० % | १८ |
| ६ | १२ | ६७% | ८ | ४४% | १ | ६% | ८ | ४४% | ० | ०% | ६ | ३३% | १८ |
| ७ | ११ | ८५ % | ११ | ८५% | १० | ७७% | १३ | १०० % | ६ | ४६ % | ० | ०% | १३ |
| ८ | १२ | ४६% | १७ | ६५% | ० | ०% | २३ | ८८% | ३ | १२% | १ | ४% | २६ |
| ९ | १९ | ३९% | ४८ | ९८% | ३२ | ६५% | ४६ | ९४% | ५ | १०% | ० | ०% | ४९ |
| जम्मा | ८४ | ४७ % | १४७ | ८२% | ६१ | ३४% | १३६ | ७६% | २६ | १४ % | १७ | ९% | १८० |

माथिको तालिकामा बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा उत्तरदाताहरुको ज्ञानको तथ्याङ्ग प्रस्तूत गरिएको छ। यस नरहरीनाथ गाँउपालिकामा विगत एक बर्ष भित्र बिवाह भएका घरधुरी (१८०) का उत्तरदातालाई बाल बिवाह भएमा कहाँ रिपोर्ट गर्नु पर्छ भनि सोधिएको थियो । जसमा सवै भन्दा बढी ८२ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ७६ प्रतिशत पुलिसमा, ४७ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, ३४ प्रतिशत उत्तरहरु निगरानी समूहमा रिपोर्ट र १४ प्रतिशतले बाल हेल्पलाईनमा रिपोर्ट गर्नु पर्छ भन्ने जानकारी भएको पाईएकोछ। भने केहि जना (१७ जना वा ९ प्रतिशत) ले थाहानै छैन भनेको पनि पाईयो। वडागत विवरण माथिको तालिकामा प्रस्तूत गरिएको छ।

**३.२.१४ बाल बिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ**

**बाल बिवाह उन्मुलनको लागि समुदायमा कस्को भुमिका रहन्छ**

| वडा नम्बर | बालबालिका स्वयंम | % | परिबार | % | बालक्लब | % | युवा क्लब तथा सँजाल | % | वडा कार्यालय | % | पलिका | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ७% | १ | ७% | ५ | ३६% | ८ | ५७% | १३ | ९३% | १० | ७१% | १४ |
| २ | ० | ०% | ० | ०% | २ | १५% | १३ | १००% | २ | १५% | २ | १५% | १३ |
| ३ | ० | ०% | ० | ०% | ० | ०% | १ | ९% | ११ | १००% | ११ | १००% | ११ |
| ४ | ८ | ४४% | १३ | ७२% | १७ | ९४% | १७ | ९४% | १८ | १००% | १४ | ७८% | १८ |
| ५ | ६ | ३३% | ११ | ६१% | १५ | ८३% | ० | ०% | १७ | ९४% | ० | ०% | १८ |
| ६ | १ | ६% | १८ | १००% | १० | ५६% | ६ | ३३% | ३ | १७% | ० | ०% | १८ |
| ७ | ११ | ८५% | १० | ७७% | १२ | ९२% | १२ | ९२% | १२ | ९२% | १० | ७७% | १३ |
| ८ | ० | ०% | ९ | ३५% | १० | ३८% | १८ | ६९% | २५ | ९६% | ३ | १२% | २६ |
| ९ | ३७ | ७६% | ४७ | ९६% | २४ | ४९% | १७ | ३५% | १४ | २९% | ३ | ६% | ४९ |
| जम्मा | ६४ | ३६% | १०९ | ६१% | ९५ | ५३% | ९२ | ५१% | ११५ | ६४% | ५३ | २९% | १८० |

**बाल बिवाह उन्मुलनको लागि समुदायमा कस्को भुमिका रहन्छ**



Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| वडा नम्बर | समुदाय र धार्मिक नेता | % | पुलिस | % | समाजिक संघ संस्थाहरु | % | बाल अधिकार समिति | % | शिक्षकहरु | % | सहकारी | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | २९% | ११ | ७९% | १ | ७% | ० | ०% | ० | ०% | ० | ०% | १४ |
| २ | ० | ०% | १ | ८% | ७ | ५४% | १ | ८% | ० | ०% | ० | ०% | १३ |
| ३ | ० | ०% | ९ | ८२% | ० | ०% | ० | ०% | ० | ०% | २ | १८% | ११ |
| ४ | ३ | १७% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १८ |
| ५ | ० | ०% | १३ | ७२% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १८ |
| ६ | ० | ०% | २ | ११% | ० | ०% | ३ | १७% | ० | ०% | ० | ०% | १८ |
| ७ | १० | ७७% | ३ | २३% | १ | ८% | १ | ८% | ० | ०% | ० | ०% | १३ |
| ८ | ० | ०% | ७ | २७% | ४ | १५% | १ | ४% | १ | ४% | ० | ०% | २६ |
| ९ | ० | ०% | १ | २% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ४९ |
| जम्मा | १७ | ९% | ४७ | २६% | १३ | ७% | ६ | ३% | १ | १% | २ | १% | १८० |

बाल विवाह उन्मुलनको लागि समुदायमा क-कस्को भुमिका रहन्छ भन्ने प्रश्नमा कुल १८० जना उत्तरदाता मध्ये अधिकांश उत्तरदाताहरु ६४ प्रतिशतले वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएका छन् । त्यसैगरी ६१ प्रतिशतले घरपरीवारले, ५३ प्रतिशतले बाल क्लबहरुले, ५१ प्रतिशत यूवाक्लब तथा सञ्जालको प्रमुख भुमिका रहेको बताए । भने ३६ प्रतिशतले स्वयं बालबालिकाहरुको पनि बालविवाह अन्त्यका लागि भुमीका रहने बताएका छन् । २९ प्रतिशत पालिका ले र २६ प्रतिशत ले प्रहरीको पनि भुमिका रहेका बताए । माथि तथ्याङ्कले देखाएको अनुसार, समुदायमा बाल विवाह र कम उमेरमा हुने विवाह उन्मुलनका लागि सुझाएका सरोकारबालहरुसँग सहकार्य गर्न जरुरी देखिन्छ ।

***नोट: यो प्रश्नको लागि बहुउत्तर छनौट गर्ने विकल्पहरु थियो, उत्तरदाताहरुले एकभन्दा बढी कारणहरु छनौट गरेको तथ्यांङ्क माथिको तालिकामा प्रस्तुत गरिएको छ । एकभन्दा बढी कारणहरु छनौट गर्न पाउने विकल्प भएको कारण जम्मा संख्या मिल्दैन ।***

### ३.२.१५ बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको जानकारी

| वडा नम्बर | थहा भएको | % | थहा नभएको | % | जम्मा |
|---|---|---|---|---|---|
| वडा न-१ | ६ | ४३% | ८ | ५७% | १४ |
| वडा न-२ | १० | ७७% | ३ | २३% | १३ |
| वडा न-३ | १ | ९% | १० | ९१% | ११ |
| वडा न-४ | १६ | ८९% | २ | ११% | १८ |
| वडा न-५ | २ | ११% | १६ | ८९% | १८ |
| वडा न-६ | ० | ०% | १८ | १००% | १८ |
| वडा न-७ | १० | ७७% | ३ | २३% | १३ |
| वडा न-८ | १८ | ६९% | ८ | ३१% | २६ |
| वडा न-९ | २८ | ५७% | २१ | ४३% | ४९ |
| जम्मा | ९१ | ५१% | ८९ | ४९% | १८० |

नरहरिनाथ गाउँपलिकामा उत्तरदाताहरुसंग बाल विवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको बारेमा कतिको जानकारी रहेको छ भनेर बुझ्न खोज्दा १८० उत्तरदाताहरु मध्ये ९१ जना ५१% लाई मात्र समुदायमा बालबिवाह र बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा

०७९/०१/२३
नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

जानकारी रहेको पाइयो ।

वडागत विश्लेशण गर्दा सबै भन्दा बढी ८९% वडा नम्बर ४ मा रहेको पाइयो भने वडा नम्बर ६ मा कुनै पनि उत्तरदाता लाई थाहा नभएको पाईयो । वडा नम्बर

३, ५ र ६ का उत्तरदाताहरुलाई बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको बारेमा थोरै मात्र जानकारी रहेको पाइयो तसर्थ हामीले यी वडाहरुमा जनचेतनाका कार्यक्रहरु मा जोड दिने साथै के सम्बन्धि कार्य गरिरहेको जानकारी दिन पनि जरुरी देखिन्छ ।

नरेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

# एकाइ ४ निष्कर्ष र सुझाव (Conclusion and Recommednations)

## ४.१ मुख्य निष्कर्ष

नरहरीनाथ गाउँपालिकामा घरपरिवार सर्वेक्षण जनगणनाको रूपमा २०७९ मंसिर २७ गते देखि २०८० मंसिर २६ गते सम्मको एक वर्ष भित्र विवाह भएका घरपरिवारका १८० उत्तरदाताहरु संग अन्तर्वार्ता लिएको थियो । १८० उत्तरदाताहरुमध्ये महिला ९३ जना (५२%) र पुरुष ८७ जना (४८%) ले सर्वेक्षणमा भाग लिनु भएको थियो । जातिगत हिसाबले हेर्ने हो भने सहभागी मध्ये १२२ जना ६८% ब्राम्हण क्षत्री र ५८ जना ३२% दलित रहेका छन । यसरीनै उमेरसमुह अनुसार उमेरसमुहको विवण हेर्दा ४३ प्रतिशत उत्तरदाताहरु २० देखि ४० वर्ष उमेर समुहको, ३९ प्रतिशत उत्तरदाताहरु ४१ देखि ६० वर्ष उमेर समुहको, १२ प्रतिशत उत्तरदाताहरु २० बर्ष मुनीका र ६ प्रतिशत ६१ वर्ष भन्दा माथिका उत्तरदाताहरु रहेको पाइयो ।

यो अध्ययनमा सहभागि भएका १८० घरपरिवार मध्ये समग्रमा ७७ प्रतिशत सहभागिहरुलाई मात्र बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्वर २ मा १०० प्रतिशत उत्तरदाताहरु लाईनै थाहा भएको पाईयो ।

यस गाउँपालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ७४ प्रतिशत, सन् २०२१ मा ६७ प्रतिशत, सन् २०२२ मा ५२ प्रतिशत र सन् २०२३ मा ४० प्रतिशत बाल विवाहको दर पाईयो । बाल बिवाहको दर घटेको पाईएतापनि ४० प्रतिशत बाल बिवाह हुनु भनेको जुन नेपालको औषत दर भन्दा बढी हो । त्यसैले अझैपनि बालविवाह अन्त्य सम्बन्धि नीति कार्यक्रम तथा बजेट मा ध्यान दिन जरुरी देखिन्छ ।

यस पालिकामा एक वर्षमा ३३३ जनाको बिवाह भएका थियो । यसमा १३४ जनाको विवाह बाल बिवाहमा पर्दछन् । जुन जम्मा बिवाहको ४० प्रतिशत हुन आउँछ भने सन् २०२२ मा यो ५२ प्रतिशत थियो । वडागत रुपमा सबैभन्दा बढी बालविवाहको दर वडा नं. १, ५ र ७ लगाएत प्राय वडाहरुमा रहेको देखिन्छ । भने कम वडानं. ४ मा ६ प्रतिशत मात्रै देखिन्छ । गतवर्षको तुलनामा वडानं. १, ६, ८ र ९ मा बालविवाह दर वढेको देखिन्छ भने बाँकी वडाहरुमा केही मात्रामा घटेको देखिन्छ ।

जातिगत रुपमा यस बर्ष भएको जम्मा विवाह ३३३ मध्ये २२७ ब्राहमण क्षेत्री मा र १०६ विवाह दलित समुदायमा भएको छ । यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने यस बर्ष भएका ३३३ वटा विवाहहरु मध्येको २६% बालविवाह ब्राह्मण क्षत्री समुदायमा र १४% दलित समुदायमा भएको पाईन्छ । अझैं त्यसमा पनि जातीगत भित्रको विवाहलाई विश्लेषण गर्नेहो भने ब्राहमण समुदायमा भएको जम्मा २२७ विवाहहरुमा ३८ प्रतिशत मात्रै बालविवाह छन् भने दलित समुदायमा भएको जम्मा १०६ वटा विवाह मध्ये ४५ प्रतिशत बालविवाह भएको देखिन्छ । यस बाट के स्पष्ट हुन्छ भने अझैपनि दलित समुदाय भित्र बालविवाह को चलन बढी नै छ जसको अन्त्यका लागि दलित समुदाय केन्द्रित कार्यक्रमहरु बनाउनुपर्ने र लागु गर्नु पर्ने आवश्यक्ता देखिन्छ ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

त्यसैगरि लैगिकरुपमा जम्मा भएका ३३३ विवाह मध्ये १३४ वटा बालविवाह भएको छ र जसमध्ये ९४ जना ७० प्रतिशत बालिकाको र ४० जना ३० प्रतिशत बालकको बालविवाह भएको देखिन्छ । भएका बाल बिवाहमा केटाकेटी १०० प्रतिशत आफैले पहल गरेर विवाह गरेको पाइयो । २० बर्ष माथिको विवाहको सन्दर्भमा पनि ९९ प्रतिशत विवाहहरु केटा केटी आफैले अगुवाई गरेर विवाह गरेको पाईएको छ ।

२० वर्ष उमेर पछि बिवाह भएको जम्मा १९९ विवाहित मध्ये जम्मा ४४ जना वा २२ प्रतिशतले मात्रै विवाह दर्ता गराइएको पाइयो भने ७८ प्रतिशतले विवाह दर्ता नगराएको देखिन्छ । साथै पढाइको सन्दर्भमा हेर्ने हो भने विवाह हुनु भन्दा पहिले ३३१ जनाले कुनै न कुनै तहमा विद्यालयमा नियमित रहेको देखिन्छ तर विवाह पश्चात ३२३ जनाले मात्र शिक्षा नियमित गरेको पाइन्छ । जसबाट ८ जना वा २ प्रतिशतले विवाह पश्चात पढाई छोडेको देखिन्छ । सर्वेक्षणको नतिजालाई विश्लेषण गरि हेदा अर्को सोचनीय विषय के पहिचान हुन आउछ भने, अधिकांश माध्यामिक तहमा अध्ययन गर्ने केटा वा केटीहरुको नै विवाह वा बालविवाह भईरहेको देखिन्छ । तसर्थ बालविवाह अन्त्य सम्वन्धि अथवा बालविवाहका नकारात्मक असरहरुको बारेमा माध्यामिक तहका विद्यार्थीहरुलाई विद्यालय स्तरमा बृहत्तर रुपमा सचेतना दिनु र जिम्मेवरी बनाउनु पर्ने देखिन्छ ।

सन् २०२३ मा विवाह भएका १८५ जना महिलाहरु मध्ये २३ जना वा १२ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल विवाह गर्नेहरु ९४ महिलाहरु मध्ये ११ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ ।

बाल बिबाहले किन निरन्तरता पाई रहेको छ भनि कारणहरु बारे जान्न खोज्दा ६३ प्रतिशत उत्तरदाताहरुले अहिले आफै प्रेम सम्वन्ध बनाएर भागेर बिवाह गर्ने गरेको चलन बढेको बताएका थिए भने उत्तरदाताहरु अनुसार ६२ प्रतिशत परिवारहरुले गरीबिले, ५२ प्रतिशत ले शाथिहरुको लहैलहैमा लागेर, ४९ प्रतिशत समाजिक परम्पराले गर्दा बाल बिबाह गर्दिने गरेको यस सर्वेक्षणले देखाएको छ ।

बाल बिवाह कसरी अन्त्य गर्न सकिन्छ भनि कारणहरु सोध्दा ७२ प्रतिशत उत्तरहरु अभिभाबकहरुमा जनचेतना जगाएर र जिम्मेवार बनाएर र ६६ प्रतिशत उत्तरहरु बालबालिकाहरुमा जनचेतना जगाएर र स्वयं बालबालिकाहरुलाईनै जिम्मेवार बनाएर र ५७ प्रतिशत कानुनको कडा कार्यान्वयन गरेर बालविवाह अन्त्य गर्न सकिन्छ भन्ने जवाफ प्राप्त भएको थियो । अन्तरबार्ताका क्रममा बालविवाह अन्त्य गर्ने थुप्रै प्रकारका सम्भावीत उपायहरु प्राप्त भएका छन् जुन माथीका तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

बाल बिबाहको कारणले पर्ने नकारात्मक असरहरुबारे उत्तरदातालाई प्रश्न सोधिएको मा सबै भन्दा बढी ८१ प्रतिशतले स्वास्थ्य सम्बन्धी समस्या आउने बताएका थिए ७३ प्रतिशतले छिट्टै गर्भवती हुने समस्या हुन्छ र ५९ प्रतिशतले विद्यालय जान छुट्ने भन्ने उत्तर दिएको थिए ।

०९/०९/२३

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

बाल बिवाहको कानूनी प्राबधान र व्यवस्थाको बारेमा पनि प्रश्न सोधिएको थियो जसमा सबै भन्दा बढी ८३ प्रतिशत उत्तरदाताहरुले बिवाह दर्ता नहुने जनाएका थिए, त्यसैगरि ५४ प्रतिशतले बिवाह स्वत: बदर हुने र ४७ प्रतिशत उत्तरदाताहरुले २० वर्ष भन्दा पहिले विवाह गर्नु वा गराउनुहुदैन र ४५ प्रतिशत ले बालविवाह गर्ने र गराउने दुबैलाइ तीन वर्ष सम्मा कैद र तीस हजार रुपैया सम्म जरिवाना भनेर उत्तर दिएका थिए । साथै बालविवाह सम्बन्धि चारैवटा कानूनी प्रावधान बारे प्रश्न सोध्दा कुल १८० उत्तरदाता मध्ये ३६ जना (२०%) लाई मात्र बालबिवाहको चारवटै कानुनी प्रावधानहरु रहेको जानकारी भएको पाईयो ।

नरहरीनाथ गाँउपालिकामा विगत एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह भएमा कहाँ रिपोर्ट गर्नु पर्छ भनि सोधिएको थियो जसमा सबै भन्दा बढी ८२ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ७६ प्रतिशत उत्तरहरु पुलिसमा, ४७ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, ३४ प्रतिशत उत्तरहरु निगरानी समूहमा रिपोर्ट र १४ प्रतिशतले बाल हेल्पलाईनमा जानकारी गराउनु पर्छ भन्ने जानकारी भएको पाईएको छ । भने १७ जना वा ९ प्रतिशतलाई कहाँ रिपोर्ट गर्ने भन्ने थाहानै नभएको पाईयो ।

बाल विवाह उन्मुलनको लागि समुदायमा कस्को भुमिका रहन्छ भन्ने प्रश्नमा अधिकांश उत्तरदाताहरु ६४ प्रतिशतले वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ , ६१ प्रतिशतले स्वयं घरपरिवारले, ५३ प्रतिशत बालक्लबले ५१ प्रतिशत युवा क्लब तथा सञ्जालको प्रमुख भुमिका रहेको बताए । ३६ प्रतिशत बालबालिका स्वयंले, २९ प्रतिशत पालिकाले र २६ प्रतिशत प्रहरीले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएका थिए ।

नरहरिनाथ गाउँपलिकामा उत्तरदाताहरुसंग बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने संघसस्थाहरुको बारेमा कतिको जानकारी रहेको छ भनेर बुझ्न खोज्दा ९१ जना ५१ प्रतिशत ले थाहा भएको जवाफ दिए भने बाँकी ८९ जना वा ४९ प्रतिशतले थाहा नभएको जवाफ दिए । तसर्थ आधा जसो कम जनालाई मात्र समुदायमा बालबिवाह र बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा जानकारी रहेको पाइयो ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

४.२ सुझावहरु

- बाल बिवाहको बढि देखिएको वडाहरु विशेष योजना बनाएर वडा कार्यालयहरु पालिकासँग मिलेर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।
- बाल बिवाहको चलन बढी भएको समुदायहरु जस्तै दलित समुदाय भएको गाउँ टोलहरुमा समुदायका अगुवाहरुसँगको सहकार्यमा विशेष योजना तथा कार्यक्रम बनाएर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।
- सन् २०२३ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये शतप्रतिशत नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो तसर्थ यो समुदायमा रहेका बाल बालिकाहरुलाई बाल बिवाहले जिवनमा पार्ने नकारात्मक असरहरुको बारेमा जानकारी दिई बालविवाह अन्त्य सम्बन्धि बजेट, योजना तथा कार्यक्रमहरुमा बालबालिकाहरुको पनि संलग्नता मा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- २० वर्ष उमेर पछि बिवाह भएको ७८ प्रतिशत नव विवाहित जोडीले विवाह दर्ता नलिएको देखिन्छ । तसर्थ सबैको बिवाह दर्ताको लागि सम्बन्धित वडा कार्यालयहरु सँग मिलेर विवाह दर्ता अभियान सञ्चालन गरी सबैको बिवाह दर्ता गर्नु पर्ने देखिन्छ ।
- बाल बालिकालाई शिक्षाबाट बन्चित हुनबाट बचाउन बाल बिवाहको चलन बढी भएको समुदायहरुमा बाल विवाह भै सकेकाहरुको पनि शिक्षालाई निरन्तरताको लागि पहल गर्नु पर्ने देखिन्छ ।
- बाल बिवाह गर्नेहरु मध्ये ११ प्रतिशत बालिकाहरु गर्भवती भएको पाईएको छ । यसर्थ कम उमेरमा गर्भवती र बच्चा जन्मिएमा आमा र बच्चामा पर्न सक्ने नकारात्मक असरहरुको साथ साथै जन्मान्तर तथा शारीरिक र मानसिक रुपमा परिपक्क भएपछिको गर्भवती सम्बन्धि जनचेतना समुदायमा तथा विवाह भै सकेकाहरुमा पुर्याउनु पर्ने देखिन्छ ।
- बालविवाह सम्बन्धि विद्यमान कानुनी प्रबधानको बारेमा पनी अधिकांहलाई पूर्णरुपमा जानकारी नभएको ले उक्त विषयमा सम्बन्धित निकायहरुले समुदाय स्तरमा विभिन्न र उपयुक्त माध्यम मार्फत सचेतना फैलाउनुपर्ने देखिन्छ ।
- त्यसैगरी समुदायमा बालविवाह अन्त्यका लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु मार्फत पहल भैराखेको भएता पनि यस सर्वेक्षणको क्रममा आधाजसो उत्तरदाताहरुलाई मात्र बाल विवाह उन्मूलनको लागि समुदायमा काम गर्ने र गरीरहेका सँघसस्थाहरुको बारेमा जानकारी रहेको पाइयो तसर्थ हामीले बाल बिवाह उन्मूलनको लागि जनचेतनाका कार्यक्रहरु मा जोड दिनुका साथै कसले के सम्बन्धि कार्य कहाँ कसरी गरिरहेको छ भन्ने जानकारी पनि जरुरी देखिन्छ ।

धन्यवाद !!!

नरेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner